का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ भदौ २०८१,
सोमबार
2 September, 2024
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २०२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कांग्रेसमा थाती रह्यो एक्जिट पोलिसी

## विश्वप्रकाशको आँट शेरबहादुरको विश्वास



एमाले अध्यक्ष केपी ओलीको नेतृत्वको सरकारलाई सफल बनाउन सम्पूर्ण ध्यान लगाउनुपर्छ । तर त्यसपछि सभापति देउवा प्रधानमन्त्री बन्नुहुन्न ।

**विश्वप्रकाश शर्मा**
**महामन्त्री**
**नेपाली कांग्रेस**



तपाईंले भनेर मैले त्याग गर्ने हो त ? होइन । नयाँ अनुहारमा पुग्छौं यसमा चिन्तै लिनुपर्दैन । २०८४ पछि हामी नयाँ अनुहारमै पुग्छौं ।

**शेरबहादुर देउवा**
**सभापति**
**नेपाली कांग्रेस**



एक्जिट पोलिसीको सम्बन्धमा निर्णय गर्न केन्द्रीय समितिले आवश्यक ठानेन । यो संविधानको विषयवस्तु पनि हो । हाम्रो पार्टीको मात्रै कुरा पनि भएन ।

**डा. प्रकाशशरण महत**
**प्रवक्ता**
**नेपाली कांग्रेस**

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, १६ भदौ ।

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले पार्टी सभापति शेरबहादुर देउवालाई पुनः प्रधानमन्त्री नबन्न आग्रह गरेका छन् । राष्ट्रपतिमा एक पटक, प्रधानमन्त्रीमा दुई पटक, सांसदमा चार पटक मात्रै अवसर पाउने पार्टी विधानको प्रस्तावकर्ता महामन्त्री शर्माले आइतबार पार्टीको केन्द्रीय समितिको बैठकमा बोल्दै यस्तो आग्रह गरेका हुन् ।

नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा आलोपालो प्रधानमन्त्री बन्ने सहमति छ । सहमति अनुसार पहिलो चरणमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेका छन् । दोस्रो चरणमा कांग्रेसका सभापति देउवा प्रधानमन्त्री बन्ने समझदारी छ ।

एमालेसँगको सत्ता सहकार्यको सम्बन्धमा समेत छलफल भइराखेको केन्द्रीय समितिको बैठकमा महामन्त्री शर्माले अब प्रधानमन्त्री नबन्न पार्टी सभापति देउवालाई आग्रह गरेका हुन् ।

शेरबहादुर देउवा यसअघि पाँच पटक प्रधानमन्त्री भइसके । अब फेरि प्रधानमन्त्री बन्ने तयारीमा रहेका देउवालाई पार्टीका महामन्त्रीले नै प्रधानमन्त्रीको दौडबाट आफू पछि हटेर अर्कोलाई अघि बढाउन भनेका हुन् ।

सभापति देउवा प्रधानमन्त्री नबनेर अर्को नेता कसैलाई प्रधानमन्त्री बनायो भने सभापतिको त्याग

>>> पृष्ठ २ मा

## कांग्रेसले एक्लै चुनाव लड्ने



नेपाली कांग्रेसले आगामी निर्वाचन एक्लै लड्ने नीति लिने भएको छ । केन्द्रीय समिति बैठकले आगामी निर्वाचनमा एक्लै लड्ने गरी संगठन निर्माण गर्ने निर्णय लिएको हो ।

आइतबार सम्पन्न केन्द्रीय समिति बैठकपछि कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले केन्द्रीय समितिले आगामी निर्वाचनमा पार्टी एक्लै चुनाव लड्नेगरी संगठन निर्माण लाग्ने निर्णय भएको जानकारी दिए ।

महामन्त्री गगनकुमार थापाले गत फागुनमा सम्पन्न महासमिति बैठकमा एक्लै चुनाव लड्नेगरी राजनीतिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सोही प्रतिवेदनको आधारमा केन्द्रीय समिति बैठकले निर्णय गरेको बताए ।

महामन्त्री थापाको प्रतिवेदनमा निर्वाचनमा कांग्रेस एक्लै चुनाव लड्ने लगायत विषय समेटिएको छ । उक्त प्रतिवेदनबारे गहन छलफल भएको प्रवक्ता महतले जानकारी लिदए ।

उनका अनुसार अहिले पार्टीलाई नै केन्द्रबिन्दुमा राखेर पार्टीलाई बलियो बनाउने, पार्टीलाई एकीकृत गर्ने र पार्टी संगठनलाई बलियो बनाएर पार्टीको लोकप्रीयतालाई विस्तार गरेर एक्लै जित्नसक्ने परिस्थिति निर्माण गर्ने निर्णय भएको हो ।

प्रस्तावित राजदूतको टिप्पणी

## 'नेपाली नेताहरूले नै गुहार्छन् भारतीय हस्तक्षेप'

नेपाल र भारतको सम्बन्धबारेको प्रश्नमा भारतीय विदेशमन्त्री जयशंकरको भनाइ उद्धृत गर्दै भारतका लागि प्रस्तावित राजदूत शंकर शर्माले संसदीय सुनुवाइका क्रममा आन्तरिक हस्तक्षेपको विषयमा टिप्पणी गरेका हुन् ।

**भावना पाठक / मध्यान्ह**
काठमाडौं, १६ भदौ ।

नेपालको आन्तरिक मामिलामा भारतीय हस्तक्षेप रहेको भनेर नेपालमा आलोचना हुने गर्छ । तर, यस्तो अवस्थाको माग नेपालका राजनीतिक दलहरूबाटै हुने गरेको टिप्पणी भारतका लागि प्रस्तावित नेपाली राजदूत शंकर शर्माले गरेका छन् ।

शर्मा भारतका लागि निवर्तमान राजदूत हुन् । शर्मालाई पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको पूर्ववर्ती सरकारले गत जेठ २४ गते फिर्ता बोलाएको थियो ।

गत असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेले प्रचण्ड नेतृत्वको सरकारको विकल्प खोजे । प्रचण्डले असार २८ गते विश्वासको मत पाउन नसकेपछि केपी शर्मा ओली नेतृत्वमा नयाँ सरकार बन्यो ।

नयाँ सरकार बनेपछि गत असार १४ गते मन्त्रिपरिषदको बैठकले फेरि शर्मालाई भारतको लागि नेपाली राजदूतमा सिफारिस गरेको छ ।

शर्माको आइतबार संसदीय सुनुवाइ भएको छ । संसदीय सुनुवाइका क्रममा भारतका लागि प्रस्तावित नेपाली राजदूत शर्माले यस्तो टिप्पणी गरेका हुन् ।

शर्माले सुनुवाइ समितिमा दुई पेजको कार्ययोजना पेश गरेका थिए । आफ्नो कार्ययोजनाको व्याख्या गर्ने क्रममा उनले नेपाल र भारतको बीचमा रहेका सम्बन्धहरुको ब्याख्या गरे । नेपालको आन्तरिक मामिलामा नेपालका राजनीतिक दलका नेताहरू नै जिम्मेवार रहेको बताए ।



*संघीय संसदअन्तर्गत आइतबार सिंहदरबारमा संसदीय सुनवाइ समितिमा भारतका लागि प्रस्तावित राजदूत डा शंकर शर्मासँग सुनवाइ गर्दै । तस्बिर : प्रदीपराज वन्त/रासस*

सुनुवाइका क्रममा शर्माले आफूले हालसालै भारतका विदेशमन्त्री एस जयशंकरको अन्तरवार्ता हेरेको उनले सुनाए ।

>>> पृष्ठ २ मा

## सहकारी पीडितमाथि लाठीचार्ज

बचत फिर्ताको माग गर्दै काठमाडौंको भद्रकालीमा प्रदर्शनमा उत्रिएका सहकारी पीडितहरूमाथि प्रहरीले लाठी प्रहार गरेको भन्दै सरोकारवालाहरूले विरोध जनाएका छन् ।



**शिव विक / मध्यान्ह**
काठमाडौं, १६ भदौ ।

सहकारी पीडितहरूले आइतबार काठमाडौंमा प्रदर्शन गरेका छन् । बचत फिर्ताको माग गर्दै काठमाडौंको भद्रकालीमा प्रदर्शनमा उत्रिएका सहकारी पीडितहरूमाथि प्रहरीले लाठी प्रहार गरेको छ ।

पीडितको माग सम्बोधन गर्नुको साटो लाठी प्रहार गरेको भनेर सरोकारवालाहरूले विरोध जनाएका छन् ।

विभिन्न सहकारी संस्थाबाट बचत रकम फिर्ता नपाएका सर्वसाधारणले लामो समयदेखि प्रदर्शन गर्दै आएका छन् । विगतमा पनि त्यस्तो प्रदर्शनमा सरकारले अवरोध गर्ने गरेको छ ।

आइतबार रत्नपार्कस्थित शान्तिवाटिकाबाट प्रदर्शन गर्दै सिंहदरबारतर्फ अघि बढेका सहकारी पीडितमाथि प्रहरीले भद्रकालीमा लाठी प्रहार गरेको हो ।

>>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## कसरी हुँदैछ श्रम मन्त्रालयको पुनर्संरचना ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले अपेक्षित परिणामका लागि मन्त्रालयअन्तर्गतका निकायहरुको पुनर्संरचना शुरु गरिएको बताएका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम, वैदेशिक रोजगार बोर्ड तथा विभिन्न महाशाखाहरुले अपेक्षित परिणाम दिन नसकेको महसुस गरी पुनर्संरचनाका आधारमा अघि बढाउन विभिन्न समिति गठन गरेर काम शुरुवात गरिएको बताए ।

आइतबार वैदेशिक रोजगार क्षेत्रका सञ्चारकर्मीहरुसँगको छलफलका क्रममा मन्त्री भण्डारीले परराष्ट्र, गृह र अर्थ मन्त्रालयसँग समन्वय गरेर वैदेशिक रोजगार क्षेत्रमा हाल देखिएका समस्याहरु समाधान गर्न सकिने अवस्था देखिएको र त्यसभन्दा पहिले मन्त्रालय मातहतका निकायहरुलाई चुस्त बनाउन जरुरी रहेको बताए ।

आफू दोहोरिएर श्रम मन्त्रालय आएपछि विभिन्न कोणबाट विभिन्न प्रकारका टिप्पणी आएको विषयमा आफू जानकार रहेको भन्दै मन्त्री भण्डारीले मन्त्रालय मातहतका निकायहरु पूर्णरुपमा क्रियाशील नभएसम्म अपेक्षित परिणाम प्राप्त हुन नसक्ने विषयमा आफू विगतमा पर्यटनमन्त्री हुँदा थाहा पाएकाले पुनर्संरचनाका लागि अघि बढेको बताए । मन्त्री भण्डारीले पटक-पटक वैदेशिक रोजगार बोर्डले चाहेअनुसार परिणाम देखाउन नसकेको टिप्पणी गरे ।

मन्त्री भण्डारीले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आन्तरिक रोजगार महाशाखा बनाउने, बोर्ड पुनर्संरचनाका लागि पूर्वसचिव प्रतापकुमार पाठकको नेतृत्वमा कार्यदल गठन गरिएको, सामाजिक सुरक्षा कोषका सम्बन्धमा पूर्वसचिव केवल प्रसाद भण्डारीको नेतृत्वमा र श्रम स्वीकृतिलाई प्रदेशस्तरमा लैजाने रोजगार सेवा केन्द्रहरुलाई प्रभावकारी बनाउन मन्त्रालयका सहसचिवको नेतृत्वमा एक महिनाभित्र प्रतिवेदन दिने गरी काम भइरहेको बताए ।

मन्त्री भण्डारीले वैदेशिक रोजगारसम्बन्धीका डिमाण्ड प्रदेश तहमा लैजाने भन्दै कतार भिसा सेन्टर, बायोमेट्रिक मेडिकल र केही खाडी मुलुकमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने जिसिसीअन्तर्गतका मेडिकल, पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रदायक संस्था र म्यानपावर कम्पनीलाई प्रदेश तहमा स्थानान्तरण गरिने बताए । त्यसो गर्न सके हाल रहेको बिचौलिया र ठगीको समस्या न्यूनीकरण हुने र भैरहवा तथा पोखरा विमानस्थल सञ्चालन हुने भन्दै मन्त्री भण्डारीले पालिकाहरुमा रहेका रोजगार सेवा केन्द्रहरुलाई सूचना सम्प्रेषणका माध्यमबाट थप प्रभावकारी बनाउने बताए ।

### सबै अन्तर्राष्ट्रिय प्रावधान कार्यान्वयन गर्न नसकिने

मन्त्री भण्डारीले फ्रि भिसा, फ्रि टिकटको परम्परागत मान्यता र इम्प्लोइमेन्ट पे मोडल मात्रै भनेर बस्ने हो भने नेपाल वैदेशिक रोजगारमा कामदार पठाउन नसक्ने बताए । मन्त्री भण्डारीले तत्कालीन राज्यमन्त्रीले फ्रि भिसा, फ्रि टिकट तथा न्यूनतम सेवा शुल्कको नीति लागू गर्नु अगाडि पनि मलेसिया र खाडीका मुलुकहरुमा जाने कामदारले ८० हजार र ७० हजार तिर्नुपर्ने व्यवस्था रहेको भन्दै व्यवहारिक निर्णय नगर्दा कामदार र सरकारलाई क्षति भएकाले उक्त नीतिलाई यथावत राख्ने अवस्था नरहेको बताए ।

मन्त्री भण्डारीले भर्ना प्रक्रियाको लागत रोजगादाताले नव्यहोर्दा 'हामी तिम्रो मुलुकमा कामदार पठाउँदैनौं' भन्ने अवस्थामा नेपाल नरहेकाले पनि फ्रि भिसा, फ्रि टिकट तथा न्यूनतम सेवा शुल्कको नीति कार्यान्वयनमा समस्या रहेको उल्लेख गरे ।

### मागपत्र प्रमाणीकरणको वातावरण बनाउने

मन्त्री भण्डारीले आफ्नो अघिल्लो कार्यकालको समयमा अघि बढाएको परराष्ट्र मन्त्रालयमातहत राजदूतावास र कूटनैतिक नियोगबाट समयमा मागपत्र प्रमाणीकरण नभएको अवस्थामा श्रम मन्त्रालय मातहतबाट मागपत्र प्रमाणीकरण गर्ने आफ्नो योजना यथावत रहेको बताए ।

त्यससम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्को सामाजिक समितिमा पुगेको अवस्थामा तत्कालीन मन्त्री डोल प्रसाद अर्यालले फिर्ता लिएका थिए । आइतबारको छलफलमा मन्त्रालयको अधिकार

>>> पृष्ठ २ मा

हार्दिक बधाई तथा
सफल कार्यकालको शुभकामना



श्री एकनारायण अर्याल

नेपाल सरकारको विभिन्न मन्त्रालयमा सचिव पदमा कार्यरत रहनुभएका श्री **एकनारायण अर्यालज्यू** नेपाल सरकारको उच्चतम रुपमा रहेको मुख्यसचिव पदमा नियुक्त हुनुभएकोमा नेपालका समस्त वैदेशिक रोजगार व्यवसायीहरु हर्षित भएका छौं । मुख्यसचिव पदमा नियुक्त हुनुभएका श्री एकनारायण अर्यालज्यूले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिव पदको भूमिकामा रहँदा वैदेशिक रोजगार क्षेत्रलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउन तथा व्यवसायीका समस्या सामाधान गर्न र वैदेशिक रोजगार व्यवसायमा रहेका नीतिगत कानूनी समस्याहरु समाधानार्थ उच्चतम कार्य गरी सहजरुपमा व्यवसाय सञ्चालन गर्न सुधारात्मक कार्यहरु गर्नुभएकोमा मुख्यसचिव पदमा कार्यरत रहँदा समग्र वैदेशिक रोजगार व्यवसायका साथै देशका अन्य समस्या समाधानार्थ उच्च सफलता तथा चिरस्मरणीय कार्यकालका निमित्त समग्र व्यवसायीहरुको तर्फबाट हार्दिक शुभकामना अर्पण गर्दछौं ।

मेघनाथ भुर्तेल
महासचिव

राजेन्द्र भण्डारी
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं,
फोन नं. ०१- ४५९०५६९/४५९४४१८ । ९८०१०५७८८२

# स्वास्थ्य बीमा प्रभावकारी बन्दै, तर समन्वय अभावले चुनौती

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १६ भदौ

स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २५ मा स्वास्थ्य बीमा सम्बन्धमा समन्वय गर्न प्रत्येक प्रदेशमा प्रदेश सरकारले तोके बमोजिमको एक प्रदेश स्वास्थ्य बीमा संयोजक समिति रहनेछ भन्ने व्यवस्था छ, तर यो व्यवस्थालाई हालसम्म लुम्बिनी प्रदेशमा कार्यान्वयन हुन सकेको छैन ।

यसको कार्यान्वयन प्रभावकारी स्वास्थ्य सेवा बीमामार्फत उपभोग गर्ने वातावरणका लागि संवाद समुहले नीति संवाद कार्यक्रम सम्पन्न गरेको छ । यसप्रतिको चासो, अवस्था, चुनौति र समाधानको खोजीका लागि भालुवाङमा नीति संवादको आयोजना गरिएको हो । कार्यक्रममा लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले लुम्बिनी प्रदेशमा प्रदेश स्तरीय स्वास्थ्य बीमा संयोजन समिति गठन तत्काल गठन गर्ने गृहकार्य भइरहेको जानकारी दिए ।

मन्त्री सारुले अति विपन्न,अपाङ्गता भएका व्यक्ति लगायत लक्षित समुदायका लागि बजेटको व्यवस्था समेत सरकारले गर्ने गरी प्रक्रिया अगाडि बढेको बताए ।

कार्यक्रममा स्वास्थ्य मन्त्रालय लुम्बिनीका निमित्त सचिव नोदनारायण चौधरीले राष्ट्र सेवक तथा वैदेशिक रोजगारीमा जाने कामदारका परिवार स्वास्थ्य बीमामा आवद्ध हुनुपर्ने भने पनि कार्यान्वयन नभएको बताए । अन्तर सम्वाद कार्यक्रममा स्वास्थ्य मन्त्रालयका निर्देशक डा.बिनोद गिरीले स्वास्थ्य बीमालाई प्रभावकारी बनाउन मातहतका सबैलाई आ-आफ्नो जिम्मेवारीबोधका साथ लाग्न आग्रह गरे ।

स्वास्थ्य बीमा बोर्ड लुम्बिनी प्रदेशका संयोजक सृजना पौडेलले राष्ट्रिय बीमा बोर्डबाट पठाउनुपर्ने रकम ढिलाइ भएका कारण समस्या भएको गुनासो गरिन् । लुम्बिनी प्रादेशिक अस्पतालका प्रतिनिधि पदम खनाल, राप्ती प्रादेशिक अस्पताल तुलसीपुका निमित्त मे.सु. डाक्टर शिशिर पोखेल र फोकल पर्सन रेखा बुढाले प्रविधि,बजेट र जनशक्तिको अभावका कारण स्वास्थ्य बीमा सेवाको प्रभावकारीतामा प्रश्न गरेका थिए । नेपाल औषधी थोक व्यवसायी संघका लुम्बिनी प्रदेश अध्यक्ष शालिकराम आचार्य र रसायन तथा औषधी आपूर्ती संघ दाङका



अध्यक्ष बाल कुमार घर्ती मगरले लाखौं रुपैयाँ औषधी बाफतको भुक्तानी हुन बाँकी रहेको गुनासो गरे । स्वास्थ्य बीमालाई प्रभावकारी गराउन स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ को कार्यविधिको परिच्छेद २ मा समितिको गठनको व्यवस्था छ । प्रदेश स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजकन गर्न प्रदेश स्वास्थ्य बीमा संयोजन समिति रहने छ । जसको संयोजकमा स्वास्थ्य बिषय हेर्ने सचिव, सम्बन्धि प्रादेशिक कार्यालयका स्वास्थ्य बिमा वोर्डका कार्यालय प्रमुख सदस्य, आर्थिक मामिला मन्त्रालयका प्रतिनिधि सदस्य,मन्त्रालयले मनोनित गरेका प्रतिनिधि, सेवा प्रदायक संस्था( सरकारी/नीजि) को तर्फबाट एक/एक जना सदस्य, मन्त्रालयले मनोनयन गरेको बीमा र स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक महिलासहित प्रतिनिधि दुई जना सदस्य र महाशाखा प्रमुख(स्वास्थ्य विषय हेर्ने) सदस्य सचिव रहने व्यवस्था छ ।

लुम्बिनी प्रदेसमा सबैभन्दा राम्रो पाल्पा र सबैभन्दा कम्जोर दाङ जिल्ला परेका छन् । पाल्पा जिल्लामा ९९.४७ प्रतिशत सबै भन्दा बढी,अर्घाखाँची ४९.१७, गुल्मी ४६.२४, प्युठान ३२.५८,बर्दिया २९.७५ र रोल्पा १७.९८ प्रतिशत बिमित संख्या रहेका छन् ।

त्यस्तै, रुकुमपुर्व १७.८६,कपिलबस्तु १७.२४,रुपन्देही १६.७७,नवलपरासी पश्चिम १३.५० र बाँके १३.०३ प्रतिसत बिमित संख्या छन् । सबैभन्दा कम दाङ जिल्ला रहेको छ । दाङमा ८.५० प्रतिसत बिमित रहेको स्वास्थ्य बीमा बोर्ड लुम्बिनी प्रदेशका संयोजक पौडेलले बताइन् ।

प्रदेशका १२ जिल्लामा कुल जनसंख्या ५१ लाख २२ हजार ७८ जना रहेका छ भने बिमितको संख्या ११ लाख ९८ हजार ६ सय ४३ जना छन् । त्यस्तै प्रतिसतको हिसावले लुम्बिनी प्रदेशमाा २३.४० प्रतिसत छ । पारिवारको जनसंख्या ११ लाख ४२ हजार ९ सय ५० ति मध्ये बिमित परिवारको संख्या ३ लाख ८३ हजार ७ सय १७ र प्रतिसतको हिसावले ३३.५७ प्रतिसत रहेको स्वास्थ्य बीमा बोर्ड लुम्बिनी प्रदेशले जानकारी दिएको छ ।

**५० वटा स्थानीय तहले मात्र स्थानीय तह संयोजक समिति गठन**

लुम्बिनी प्रदेशमा १०९ वटा स्थानीय तह छन् भने स्वास्थ्य बीमालाई पालिका तहमा कार्यान्वयन गर्न गठन गर्नुपर्ने संयोजन समिति समेत आधा भन्दा बढीले गरेका छैन । हालसम्म लुम्बिनी प्रदेशमा ५० वटाले मात्र गठन गरेका छन् । अझै ५९ वटा स्थानीय तहले गठन गर्न बाँकी नै रहेको छ ।

बर्दियाका ८ वटा स्थानीय तहमध्ये ३ वटाले संयोजन समिति गठन गरेका छन् भने गठन प्रतिसतले हेर्दा ३७.५ प्रतिशत छ । दाङमा १० वटा पालिका मध्ये १ वटा संयोजक समिति गठन भएको छ । जुन प्रतिशतको हिसावले १० प्रतिशत मात्र हुन्छ । बाँकेका ८ पालिकामध्ये २ वटामा गठन र २५ गठन प्रतिशत,कपिलबस्तु १० वटा पालिका गठन ४ र गठन प्रतिशत ४०,रुपन्देही १६ पालिका मध्ये ११ वटामा गठन र ६२.५ गठन प्रतिशत,पाल्पा १० पीलिका ६ मा गठन र गठन प्रतिशत ६० रहेको छ ।

त्यस्तै,गुल्मी १२ वटा पालिका,१ गठन छ भने गठन प्रतिशत ९.०९,अर्घाखाची ६ पालिकामध्ये ६ वटैमा गठन भएको छ । अर्घाखाचीमा गठन प्रतिशत शतप्रतिशत रहेको छ । प्युठानमा ९ पालिकामा ६ वटामा गठन छ भने ६६.६६ गठन प्रतिशत,रोल्पामा १० पालिका मध्ये ३ वटा पालिकामा गठन र गठन प्रतिशत ४३ रहेको छ । रुकुमपुर्वका ३ पालिका मध्ये ३ वटैमा स्थानीय तहको संयोजक समिति गठन भएका छन् । लुम्बिनी प्रदेशमा १०९ पालिका मध्ये ५० वटा गठन, ५९ वटा पालिकामा गठन हुन बाँकी रहेछ भने प्रतिशतको हिसावल ८४.७४ प्रतिशत रहेको छ ।

**केही चुनौती**

स्वास्थ्य बीमा बोर्ड छुट्टै ऐनबाट सञ्चालित भए पनि स्वास्थ्य मन्त्रालयले आफ्नो शाखा जस्तै गरी हेर्ने गरेको छ । स्वास्थ्य बिमा कार्यक्रम राम्रोसँग लागु भएमा राज्यलाई नै फाइदा पुग्ने हो । तर यसको कार्यान्वयनभन्दा प्रचारबाजीमै लाग्ने सरकारको रणनीतिले न नागरिकले सेवा पाउन सकेका छन् न त राज्यले नै लाभ लिन सकेको छ । स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत पाँचजना सदस्य रहेको परिवारले वर्षमा ३५ सय रुपैयाँ तिरेमा एक लाख रुपैयाँसम्मको स्वास्थ्य सेवा पाउँछन् । त्यस्तै १० जनासम्मको परिवारले प्रतिव्यक्ति सात सय रुपैयाँ तिरेमा दुई लाख रुपैयाँसम्मको सेवा पाउँछन् । तर बिमामा आबद्ध भएकाहरुले सहज सेवा पाउन नसकेको गुनासो गरिरहेका छन् ।

यो अवस्था हुनुमा मुख्य कारण भनेको बीमाका राम्रा पक्ष र यसमा आबद्ध भएपछिका औषधि तथा उपचार सेवामा पाइने सुविधाबारे नागरिक अझै अनविज्ञ छन् । सरकारले बीमा कार्यक्रमको प्रचारसमेत गर्न सकेको छैन । त्यस्तै, बीमामा आबद्ध नागरिकले सेवा लिनैपर्ने भनेर बुझेका छन् । ३५ सय योगदान रकम तिरेर १ लाखसम्मको सेवा नलिएमा आफ्नो पैसा खेर जाने सोचेर चाहिने-नचाहिने सेवा लिने गरेका छन् ।

हुनेले नहुनेलाई र नचाहिनेले चाहिनेलाई सुविधा दिने भनेर सरकारले अझै पनि नागरिकलाई बुझाउन सकेको छैन । कतिपय अस्पतालहरुले फाइदा हुने देखेर नचाहिँदो परीक्षण गराउँछन् । अहिले देशभरमा सरकारी र निजी गरी ४५० वटा मात्र सेवा प्रदायक छन् । सबै ठाउँमा सहज रुपमा उपचार सेवा तथा औषधिको व्यवस्था छैन । ४ सय ७ वटा स्थानीय तहमा त सेवा दिने संस्था नै छैनन् ।

# लेखनवृत्ति पुरस्कारबाट ७ महिला पत्रकार पुरस्कृत



**पवन जायसवाल/मध्यान्ह**
बाँके, १६ भदौ

नेपाल प्रेस युनियन बाँकेले तिजको अवसरमा महिला पत्रकार हरुलाई लेखनवृत्ति पुरस्कार वितरण गरेको छ । महिला पत्रकारहरुलाई प्रोत्साहन गर्नका लागि आयोजना गरिएको महिला पत्रकार लेखनवृत्ति प्रतियोगिताका विजेताहरुलाई पुरस्कृत गरिएको थियो ।

नेपाल प्रेस युनियन बाँकेका सचिव भिष्म लोधद्वारा सञ्चालित, नेपाल जडीबुटी व्यवसायी संघको सभाहलमा आयोजित नेपाल प्रेस युनियन बाँकेका अध्यक्ष प्रिया स्मृति प्रिया ढकालको अध्यक्षता तथा लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री बादशाह कुर्मीको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा लुम्बिनी प्रदेश सभा सदस्य माया पुन, नेपाल प्रेस युनियन बाँके अध्यक्ष प्रिया स्मृति ढकाल लगायतले लेखनवृत्ति पुरस्कारबाट सात जना महिला पत्रकारलाई पुरस्कृत गरिएको थियो ।

पुरस्कृत महिला पत्रकार लेखनवृत्ति प्रतियोगितामा सरला सुवेदी प्रथम, सावित्रा विश्वकर्मा दोस्रो र आरती कंटेल तेस्रो भएका छन् भने यसैगरी पत्रकार बिमला चौधरी, ममता थापा, साहिदा बानो र शिवानी विकले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए ।

लेखनवृत्ति प्रतियोगितामा प्रथम हुने सरला सुवेदीले नगद ५ हजार रुपैयाँ, दोस्रो सावित्रा विश्वकर्माले ३ हजार रुपैयाँ, तेस्रो भएकी आरती कँटेललाई २ हजार रुपैयाँ र बिमला चौधरी, ममता थापा, साहिदा बानो र शिवानी विकलाई सान्त्वना पुरस्कार स्वरुप जनही १ हजार रुपैयाँ प्रदान गरिएको थियो ।

‘अपाङ महिलाहरुको तीज: चाडको रौनक भन्दा परेको संघर्ष’ शिर्षकको सरला सुवेदीले लेखेको फिचर स्टोरी प्रथम, ‘आर्थिक उन्नतिको सहयात्री बनिरहेका नारी’ शिर्षकमा सावित्रा विश्वकर्माले लेखेको फिचर स्टोरी दोस्रो र ‘तीज पर्वको परम्परागत मुल्य र आधुनिक प्रभाव’ शिर्षकमा आरती कँटेलले लेखेको लेख तेस्रो भएको थियो ।

महिलाहरुको महान पर्व तीजसँग सम्बन्धित विषयवस्तुका बारेमा महिला पत्रकारहरुले फिचर स्टोरी र लेखहरु तयारी गरेका थिए ।

महिला पत्रकार लेखनवृत्ति प्रतियोगिताको निर्णायकको रुपमा तीन सदस्यीय छनोट समिति निर्माण गरिएको थियो । जसको संयोजकमा नेपाल पत्रकार महासंघ बाँकेका पूर्व अध्यक्ष नीरज गौतम, छनोट समिति सदस्यमा नेपाल पत्रकार महासंघ बाँके उपाध्यक्ष करुणा शाह र क्रियाशिल महिला पत्रकार समूह बाँकेको कार्यवहाक अध्यक्ष सावित्री गिरी रहेकी थिइन् ।

कार्यक्रममा नेपाली कांग्रेस लुम्बिनी प्रदेश सदस्य कृष्णा सापकोटा, नेपाली कांग्रेस महासमिति सदस्य डा. सुरेश कुमार कनोनिडया, नेपाली कांग्रेस बाँके सह-सचिव रेनु सिंह, नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेश उपाध्यक्ष शुक्रऋषी चौलागाईं, बाँके उपाध्यक्ष करुणा, नेपाल प्रेस युनियन लुम्बिनी प्रदेश उपाध्यक्ष जयसिंह केसी लगायतले आ-आफ्नो धारणा राखेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि मन्त्री कुर्मीले पत्रकारिता क्षेत्रमा लागेका महिलाहरुलाई राज्यले प्रोत्साहन गर्न जरुरी रहेको बताएका थिए ।

उनले भने,‘पत्रकारिता गर्न सहज छैन । यस क्षेत्रमा लागेको महिलाहरुलाई प्रोत्साहन गर्न प्रेस युनियनले राम्रो कामको सुरुआत गरेको छ । यसको निरन्तरताको कामना गर्दछु ।’

आम पत्रकारिता क्षेत्रमा लागेका व्यक्ति सत्य र सही समाचार पहिचान गरेर मात्र सम्प्रेषण गर्दा समाजमा सकारात्मक प्रभाव पार्ने मन्त्री कुर्मीले बताए ।

नेपाल प्रेस युनियन बाँकेका अध्यक्ष प्रिया स्मृति ढकालले महिला पत्रकारहरुको क्षमता अभिवृद्धि गर्नको लागि गत वर्ष सुरुवात गरिएको कार्यक्रमलाई निरन्तरता दिइने बताइन् ।

कार्यक्रम संयोजक नेपाल प्रेस युनियन बाँके उपाध्यक्ष निशा शाहले तिजको अवसरमा आयोजना गरिएको लेखनवृत्ति प्रतियोगिताले महिला पत्रकारहरुमा नयाँ उत्साह जगाएको बताइन् ।

कार्यक्रममा नेपाल प्रेस युनियन बाँकेका उपाध्यक्ष कमल खत्रीले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

# सर्पदंशले किशोरीको मृत्यु




**मनु यादव निरज/मध्यान्ह**
लहान, १६ भदौ

सिरहामा सर्पदंशका कारण एक किशोरीको मृत्यु भएको छ । सखुवा नन्कारपट्टी गाउँपालिका-३ की २० वर्षीया सरिताकुमारी सदाको उपचारका क्रममा मृत्यु भएको हो । उनलाई शनिबार राति १२ बजे सुतेकै ठाउँमा गोमन सर्पले टोकेको थियो ।

सर्पले टोकेपछि उनलाई धामिझाँक्री लगाइएको थियो । झारफुकबाट निको नभएपछि अन्तिम अवस्थामा उनलाई लहानस्थित प्रादेशिक अस्पतालमा लगिएको थियो । उनको उपचारकै क्रममा मृत्यु भएको सिरहा प्रहरीले जनाएको छ ।

## कांग्रेसमा...

देखिने, अर्को समकालीन कोही नेताले नयाँ अवसर पाउने र आगामी चुनावमा नयाँ अनुहार लिएर चुनावमा जान सकिने बताए ।

शर्माका अनुसार डा.शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, पूर्णबहादुर खड्का, डा.शशांक कोइराला र अर्जुननरसिंह केसीमध्ये जसलाई पनि प्रधानमन्त्री बनाउन सकिन्छ ।

महामन्त्री शर्माले भनेका छन्, ‘एमाले अध्यक्ष केपी ओलीको नेतृत्वको सरकारलाई सफल बनाउन सम्पूर्ण ध्यान लगाउनुपर्छ । तर त्यसपछि सभापति देउवा प्रधानमन्त्री बन्नुहुन्न ।’

महामन्त्रीले आफूलाई प्रधानमन्त्री नबन्न र त्याग गर्न आग्रह गरेता पनि सभापति देउवाले कुनै चुनौती महसुस गरेनन् ।

सभापति देउवाले नयाँ अनुहारमा २०८४ मात्रै पुगिने बताए । व्यक्तिले भनेर त्याग नहुने जवाफ फर्काए ।

नेताहरूका अनुसार सभापति देउवाले भनेका छन्, ‘तपाईंले भनेर मैले त्याग गर्ने हो त ? होइन । नयाँ अनुहारमा पुग्छौं यसमा चिन्तै लिनुपर्दैन । २०८४ पछि हामी नयाँ अनुहारमै पुग्छौं ।’

कांग्रेस नेताहरू महामन्त्री शर्माले पार्टी सभापतिलाई प्रधानमन्त्री नबन्न भन्ने आँट गरेको बताउँछन् । सभापतिले जे जस्तो प्रतिवाद गरेता पनि महामन्त्री शर्माले आँट गर्नु नै ठूलो विषय भएको बताउँछन् ।

तर, महामन्त्री शर्माको आग्रहलाई कम आँक्दै सभापति देउवाले आफ्नो दृढता पनि कायम राखेका छन् । महामन्त्री शर्माको अडानले एक्जिट पोलिसीको अवधारणालाई नै थाती राखिएको छ । कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतका अनुसार महामन्त्री विश्वप्रकाश शर्माको एक्जीट पोलिसीका सम्बन्धमा निर्णय गर्न केन्द्रीय समितिले आवश्यक ठानेन ।

‘एक्जिट पोलिसीको सम्बन्धमा निर्णय गर्न केन्द्रीय समितिले आवश्यक ठानेन । यो संविधानको विषयवस्तु पनि हो’ महतले भनेका छन्, ‘हाम्रो पार्टीको मात्रै कुरा पनि भएन र समग्र संविधानमा व्यवस्था भएको हुनाले संविधान संशोधनका क्रममा यस विषयमा कसरी जानुपर्छ भनेर हामी छलफल र निर्णय गर्न सक्छौं । यस किसिमबाट हामीले निर्णय गरेका छौं ।’

महामन्त्रीको प्रस्ताववारे केन्द्रीय समिति बैठकमा चरणबद्ध रुपमा छलफलहरु भएका थिए । उक्त प्रतिवेदन पारित भएमा प्रधानमन्त्रीका लागि तयार रहेका सभापति शेरबहादुर देउवा नै अप्ठ्यारो पर्ने भएपछि उक्त विषयलाई कांग्रेसले थाती राखेको हो ।

## प्रस्तावित...

पूर्ववर्ती सरकारले भारतका लागि नेपाली राजदूतबाट फिर्ता बोलाएता पनि वर्तमान सरकारले राजदूतमा सिफारिस गरेकाले इन्डियन न्युज पेपर र युट्युब हेरिरहेको उल्लेख गरे। ‘अस्ती नेभरिंग कन्ट्रीहरु (छिमेकी देशहरू)को विषयमा भारतीय विदेशमन्त्री जयशंकरसँग इन्टरभ्यु आइराथ्यो र उहाँले भन्नुभाथ्यो - छिमेकीहरुसँग सप्पैसँग हाम्रो सम्बन्ध केही न केही कम्प्लेक्सिटी छ’ शर्माले सुनाए ।

प्रस्तावित राजदूत शर्माले थपका छन्, ‘उहाँ (जयशंकर) ले त्यो इन्टरभ्यूमा भन्नुभएको छ- कम्पेलेक्सिटी हुन्छ नेभरिंग कन्ट्रीमा । कुन देशमा, कुन एरियामा कम्प्लेक्सिटी छैन ?’

शर्माका अनुसार जयशंकरले भनेका छन्, ‘हामीलाई इन्टरफेयर गऱ्यो भन्छन् नेभरिंग कन्ट्रीमा । तर, कति त त्यहाँको डिमान्ड पनि त हुनसक्ला ! ’

भारतीय विदेशमन्त्री जयशंकरले डिप्लोम्याटिकली भनेको यो जवाफलाई बुझ्न सक्नुपर्ने भन्दै शर्माले थपेका छन्, ‘त्यहाँ (छिमेकी देश)को पोलिटिसियनहरुले त्यस्तो डिमान्ड (आन्तरिक हस्तक्षेप माग) पनि गरेका हुन् कि भनेजस्तो संकेत चाहिँ उहाँ (जयशंकर) ले दिनभाछ ।’ नेपाल र भारतको सम्बन्धबारेको प्रश्नमा भारतीय विदेशमन्त्री जयशंकरको भनाइ उद्धृत गर्दै प्रस्तावित राजदूतले आन्तरिक हस्तक्षेपको विषय कोट्याएका हुन् ।

भारतका लागि प्रस्तावित राजदूत शर्माले आफ्नो सिफारिसमा निर्देशिका उल्लंघन नभएको जिकिर पनि गरेका छन् ।

शर्माको सिफारिसमा राजदूत सिफारिस निर्देशिका उल्लंघन भएको भन्दै उजुरी परेको छ । सुनुवाइका क्रममा शर्माले यो आफूले भन्दा सरकारले जवाफ दिने विषय भएको बताए ।

तथापि, सार्वजनिक रुपमा पनि प्रश्न उठेको भन्दै निर्देशिका उल्लंघन नभएको जिकिर गरेका हुन् । उनका अनुसार निर्देशिकाको दफा ८ मा राजदूतको पदावधि चार वर्ष तोकिएको छ भने दफा २१ मा अर्को पदावधिको निरन्तरता हुने गरी पुनः नियुक्त गरिने छैन भनेको छ ।

‘पदावधिको निरन्तरता पनि होइन, बहाल रहेको पदको निरन्तरता पनि होइन । त्यसकारण दुबै (मेरो हकमा) असान्दर्भिक हो कि भन्ने मलाई लाग्छ’ प्रस्तावित राजदूत शर्माले भनेका छन् ।

## सहकारी...

लाठी प्रहारका कारण केही सहकारी पीडित घाइते भएका छन् । बचत फिर्ताका लागि सरकारलाई दबाब दिन सिमसिम झरीका बीच प्रदर्शन गरेका उनीहरुलाई प्रहरीले निषेधित क्षेत्रमा प्रवेश गर्न लागेको भन्दै लाठी प्रहार गरेर रोकेको हो ।

प्रदर्शनकारीहरूका अनुसार सिंहदरबारतिर जाने तयारी थियो । सिंहदरबारतिर जान नदिएपछि सहकारी पीडितहरु शहीदगेटतर्फ मोडिएका थिए । उनीहरु त्रिपुरेश्वर, थापाथली हुँदै माइतीघरसम्म पुग्ने तयारीमा थिए । त्यसमा पनि प्रहरीले अवरोध गरेको हो ।

प्रदर्शनकारीहरूले प्ले कार्ड समेत बोकेका थिए । उनीहरूले ‘मेरो छोराछोरी पढ्ने पैसा सहकारीमा छ, सहकारी पीडितको घरमा भात तिहुन पाक्दैन, सुशासनको कुरा गरेर सरकार कहिल्यै थाक्दैन’ लेखिएका प्ले कार्ड बोकेका थिए ।

‘सहकारी ठगहरू मुर्दावाद, गरिबको खुन पसिनाको कमाइ सहकारीले खाइदियो लुटेर’ जस्ता नारा लेखेको ब्यानर बोकेका थिए ।

सरकार भने सहकारी पीडितको माग सम्बोधन गर्न तयार रहेको बताउँछन् । संसदीय समितिले काम गरिरहेकाले त्यसको प्रतिवेदनका आधारमा एक्सन लिन सरकारको तयारी रहेको छ ।

गत जेठ १५ गते प्रतिनिधि सभाले सहकारीको बचत रकम अपचलनसम्बन्धी छानबिन गर्न संसदीय छानबिन समिति गठन गरेको थियो ।

एमाले सांसद सूर्यबहादुर थापाको सभापतित्वमा गठित ७ सदस्यीय छानबिन समितिमा एमालेकी सरिता भुसाल, कांग्रेसबाट ईश्वरी न्यौपाने र दिलेन्द्र बडु, माओवादीबाट लेखनाथ दाहाल, रास्वपाबाट शिशिर खनाल र राप्रपाबाट ध्रुवबहादुर प्रधान रहेका छन् । तीन महिनाको समय पाएको समितिको म्याद यही भदौ २३ गते सकिँदैछ । छानबिन समितिले जेठ २३ गतेबाट काम सुरु गरेकाले भदौ २३ गतेसम्म समयाअवधि रहेको हो ।

## कसरी...

अन्यत्रै बुझाउने तत्कालीन मन्त्रीको काम व्यवहारिक र तर्कसंगत नभएकाले आफूले परराष्ट्र मन्त्रालयसँग समन्वय गरेर राजदूतावास र नियोगहरुबाट प्रमाणीकरण नगरिएका मागपत्र मन्त्रालयले प्रमाणीकरण गराउने व्यवस्था गर्ने मन्त्री भण्डारीले बताए ।

**महिला कामदारको प्रतिबन्ध हटाउने प्रयास**

मन्त्री भण्डारीले वैदेशिक रोजगारमा घरेलु महिला कामदारको श्रम स्वीकृतिमा रहेको प्रतिबन्ध हटाउने विषय पनि आफ्नो प्राथमिकतामा रहेको बताए । संसदीय समितिले श्रम सम्झौता भएका मुलुकमा छुट्टै प्रोटोकलका आधारमा श्रम स्वीकृति दिन सकिने दृष्टिकोण राखेकाले यूएईलगायतका मुलुकमा गृहकार्य गरी प्रतिबन्ध फुकुवा गर्न सकिने उनले उल्लेख गरे । मन्त्री भण्डारीले पुनः श्रम स्वीकृतिको समस्याले हजारौं महिला कामदार करार अवधि सकिएपछि विदेशमा अड्केर बसेकाले समस्याको छिटो समाधान आवश्यक रहेको बताए ।

कार्यक्रममा मन्त्रालयका सचिव मुकुन्द निरौला, सह-सचिव गोविन्द रिजालले पनि सेवा शुल्क वृद्धिको आवश्यकता रहेको बताए । वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले सबै मागपत्रमा कामदारको भर्ना प्रक्रियाको खर्च रोजगारदाताले व्यहोर्ने बाध्यतात्मक व्यवस्था गरिनु अव्यवहारिक हुने बताए ।

मन्त्रालयका सहप्रवक्ता कविराज उपेतीले श्रम सम्झौताका विषयमा भएको प्रगतिबारे जानकारी दिँदै साउदी अरेबियासँगको श्रम सम्झौताका प्रावधान पेचिलो अवस्थामा रहेको जानकारी दिए ।

# कपाली कागज गराइ सम्पत्ति हडपेको आरोप

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ भदौ

रौतहटमा कपाली कागज गराइ सम्पत्ति हडपेको घटना बाहिरिएको छ । परोहा नगरपालिका वडा नं ८ नरकटियाका शेख जबार र उनका काका महरुम मकशुदको केही जग्गा जमिनमा घरायसी विवाद उत्पन्न हुँदा विवाद मिल्न नसकेपछि त्यो शेख जबार हाजी शेख कदिर समक्ष पुगेको थियो । मंसरी टोल निवासी शेख जबारका आफ्ना मामाको छोरा हाजी शेख कदिरलाई विवाद मिलाउन बोलाएका थिए ।

जग्गा जमिन विवाद मिलाउन पञ्चायती बस्यो,त्यसमा विवाद मिलाउन पक्ष र विपक्षलाई २० लाखको कपाली तमुसुख गराइ हाजी शेख कदीरको जिम्मा लगाइएको थियो ।

विवाद मिलाउन तमसुक त गराइयो तर विवाद यथावत्



रफ्यो । केही महिना पछाडि त्यो कपाली कागज शेख कदिरसँग माग्दा ‘मैले कागज राखेको छैन’ भन्दै विवाद निकाले । त्यसपछि पनि केही समयपछि कपाली कागज माग्दा महरूम मकसूदकी श्रीमती हसीनाको कागज दिए वापत ३/४ कठ्ठा जमीन आफ्नो नाममा गराए । अनि शेख जबारलाई कपाली कागज बापत २/३ कठ्ठा जमिन माग्दा दिएनन् । जिल्ला प्रशासन कार्यालय गौरमा अवैध लेनदेन सम्बन्धि उजुरी पनि परेको छ । उक्त उजुरी १३७४ मा दर्ता भएको छ ।

करिब १० पटक भन्दा बढी उपस्थिति पत्र प्रहरी चौकी रामपुर खापमा आएको छ, तर विभिन्न बहाना बनाइ भारततिर भागेको आरोप छ । अहिले घरमा हुँदाहुँदै प्रहरीले वास्ता गरेको छैनन् ।

हाजी शेख कदिरले जमिन नदिएको रिसमा त्यो कपालीलाई जिल्ला अदालतमा मुद्दा हाले । हाजी कदिरलाई कागजको विषयमा बुझ्दा पैसा नलिएको कागज मात्र गराएको मोबाइल रेकर्डको प्रमाण रहेको बताएका छन् ।

इशनाथ नपाको भुपू मेयर सन्तोष मेहतालाई भनेको, रामचन्द्र गिरीलाई भनेको रेकर्डमा छ भनिएको छ । सबै प्रमाण हुँदाहुँदै पनि निर्दोष, गरिबमाथि अन्याय भइरहेको स्थानीयले बताएका छन् । उक्त विषयमा दोषीलाई कडा भन्दा कडा कारबाहीको माग गरिएको छ ।

**युएईमा रोजगार**
कम्पनी: ARCSYS MIDDLE EAST CONTRACTING - L.L.C - O.P.C
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०५/१६ चलानी नं.: ६०२२४५४४ LT. No.: 309933

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 1 | 0 | | 1200 | ४३,७४० | | | | | | | |
| 3. | Welder | 2 | 0 | | 1200 | ४३,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८१ भदौ २४ गते (9 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८७५/०६६/०६७
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५४२०५६२ ५४५५१८० ५४५०६३४ ५४५५१४४.
Email- info@merocvs.com / info@luckyhrsolution.com

**यूएईमा रोजगार**
कम्पनी: INTERNATIONAL MECHINACIAL & ELECTRICAL COMPANY W L L
शहर: UAE,dubai
पुर्व स्वीकृत मिति: २०८१/०५/१६ चलानी नं.: ६०२२४५४३ LT. No.: 309941

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason (Nepal) | 30 | 0 | | 1200 | ४३,७४० | | | | | | | |
| 3. | Painters | 30 | 0 | | 1200 | ४३,७४० | | | | | | | |
| 4. | Scafolder | 20 | 0 | | 1500 | ५४,६७५ | | | | | | | |
| 5. | Shuttering Carpenter | 30 | 0 | | 1200 | ४३,७४० | | | | | | | |
| 6. | Steel Fixer | 30 | 0 | | 1200 | ४३,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २४ गते (9 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, 9819779867, 9846189358
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com
PKR BRANCH KO- +977 9856065197, 9815184464, NEPALGUNJ BRANCH: 9851166822

मध्यान्ह
www.madhyanhadaily.com



# दशैं तिहारमा खाद्यवस्तुको सहज आपूर्ति होस् : प्रधानमन्त्री

**काठमाडौं /मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले दशैं तिहारलगायत महत्वपूर्ण चाडका समयमा खाद्य वस्तुको सहज आपूर्ति हुने गरी काम गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र मातहतका निकायलाई निर्देशन दिएका छन् ।

सो मन्त्रालयको वाणिज्य तथा आपूर्तिसँग सम्बन्धित विषयमा आइतबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको छलफलमा प्रधानमन्त्री ओलीले खाद्य वस्तुको कृत्रिम अभाव सृजना गर्ने, मानवीयता र व्यवसायिकताभन्दा नाफा र स्वार्थ मात्रै देख्ने प्रवृत्तिसँग सम्झौता नहुने स्पष्ट गरेका हुन् । प्रधानमन्त्री ओलीले भने, 'चिनीलगायत सामानमा कालोबजारी गरेर बढी नाफा लिने प्रवृत्ति हुन सक्छ, त्यस्तो गर्ने व्यापारीलाई व्यापार गर्न नदिएर साल्ट ट्रेडिङलाई जिम्मेवारी दिन सकिन्छ । यस्ता विषयमा कुनै सम्झौता हुँदैन । कुनै भनसुन चल्दैन ।'



उद्योगमन्त्री दामोदर भण्डारी, मुख्यसचिव एकनारायण अर्याल, सचिवहरुसहितको छलफलमा प्रधानमन्त्री ओलीले समग्रमा आयात घटाउन र निर्यात बढाउन तथा विषादीयुक्त खाद्य पदार्थ आयात-निर्यात नगर्न आग्रह गरे । उनले नेपालमा फलाम, युरेनियम आदि खानीजन्य पदार्थको उत्खनन्को क्रम चले पनि तिनलाई कच्चा पदार्थमा बिक्री वितरण नगरी उद्योग सञ्चालन र सामग्री उत्पादनमा प्राथमिकता दिन आग्रह गरे ।

प्रधानमन्त्री ओलीले जोखिमयुक्त स्थानमा रहेका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित नेपाल आयल निगमको भण्डारण र थानकोटको डिपोलाई बस्ती कम भएको स्थानमा स्थानान्तरण गर्न निर्देशन दिए । उनले दैलेखको पेट्रोलियम पदार्थको उत्खनन् कार्य छिटो सक्न आग्रह गर्दै पुँजीपतिलाई नाफा हुन्छ भन्दैमा मानवीय स्वास्थ्य र मुलुकको छविमा प्रतिकस्ल असर पर्ने गाँजा खेतीजस्ता काममा धेरै नहौसिन सुझाए ।

यसअघि प्रधानमन्त्री ओलीले सोही मन्त्रालयको उद्योग क्षेत्रसँग सम्बन्धित विषयमा ब्रिफिङ लिएका थिए ।

# आमसञ्चारका समस्याबारे मिडिया अलाइन्सद्वारा सञ्चारमन्त्रीलाई ज्ञापन पत्र



**काठमाडौं/मस-** मिडिया अलाइन्स नेपालले सञ्चार क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराएको छ । आइतबार मिडिया अलाइन्सका अध्यक्ष भाष्करराज राजकर्णिकार नेतृत्वको प्रतिनिधिमण्डलले सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङलाई विभिन्न माग समेटिएको ज्ञापनपत्र बुझाउँदै कोरोना महामारी, आर्थिक मन्दीलगायतका कारण धरासायी बनेको सञ्चार गृहहरुको समस्या समाधान गरिदिन आग्रह गरेको हो ।

अलाइन्सका अध्यक्ष राजकर्णिकारले आमसञ्चारमाध्यमलाई दिने विज्ञापनको रकमको सीमा नलाग्ने व्यवस्था गर्न, मदिराजन्य पदार्थको विज्ञापनमा लगाइएको रोक फुक्का गरिदिन, सञ्चारमाध्यमले तिर्नुपर्ने करमा सहुलियत दिन, श्रमजीवी पत्रकार तथा कर्मचारीको पारिश्रमिक एवं मिडियाको दैनिक सञ्चालन खर्चका लागि बढीमा ३ प्रतिशत ब्याजदरमा १० करोडसम्म सहुलियतपूर्ण ऋणको व्यवस्था गर्न मन्त्री गुरुङसमक्ष माग गरे ।

अलाइन्सले सामाजिक सञ्चालहरुमा विज्ञापन रोक्नसमेत माग गरेको छ । ज्ञापनपत्र बुझ्दै सुचना तथा सञ्चारमन्त्री गुरुङले अलाइन्सले राखेका मागबारे चाँडोभन्दा चाँडो अरु मन्त्रालयसँग पनि समन्वय गरेर समाधानको पहले गर्ने आश्वासन दिए ।

उनले सञ्चार क्षेत्रमा देखिएका नीतिगत समस्या पनि छिट्टै सम्बोधन गर्ने प्रतिबद्धता जनाए । सञ्चार क्षेत्रमा २०१४ सालदेखिका नीतिहरु रहेको बताउँदै मन्त्री गुरुङले त्यसलाई समयानुकूल परिमार्जन गरी समयसापक्ष नीति नियम बनाएर कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मिडिया एलाइन्सले यसअघि पनि सञ्चार उद्योगमा देखिएका समस्या समाधानका लागि उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेल र ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काको पनि ध्यानाकर्षण गराएको थियो ।

# समावेशी शिक्षा कार्यान्वयनमा जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ भदौ

नेपालमा समावेशी शिक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने एक कार्यक्रमका सहभागीले जोड दिएका छन् ।

काठमाडौंमा आइतबार आयोजित 'समावेशी शिक्षा कार्यान्वयन, नीतिगत व्यवस्था, अवस्था, चुनौती' विषयक गोष्ठीमा सहभागीहरुले समावेशी शिक्षा उत्थान गर्नका लागि जोड दिएका थिए । कार्यक्रममा प्रमुख अतिथि शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उपमहानिर्देशक महेन्द्र पराजुलीले शिक्षा क्षेत्रमा आएका बजेटमध्ये दर्जन भन्दा बढी कार्यक्रम अपांगताका क्षेत्रकै रहेको बताए । उपमहानिर्देशक पराजुलीले अपांगताका क्षेत्रमा नेपाल नीतिगत रुपमा परिपक्क हुँदै गएको बताए ।

शिक्षा ऐन संशोधनको क्रममा रहेको भन्दै उनले अपांगता भएका व्यक्तिको शिक्षालाई उक्त ऐनले धेरै हदसम्म सम्बोधन गर्ने बताए । यस्तै उनले समावेशी शिक्षाको मापदण्ड बनाउन लागिएको पनि बताए ।

कार्यक्रममा शिक्षा तथा मानव श्रोत विकास केन्द्रका दिपक माझिले समावेशी शिक्षा नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था सम्बन्धी प्रस्तुतीकरण राख्दै नेपालको नीति र कार्यक्रमका बीचमा खाडल रहेको बताए । ६० वर्षदेखि अपांगता सम्बन्धी विषयमा कुरा गरेपनि पहुँचमा समस्या रहेको उनको भनाइ छ । अपांगताको क्षेत्रमा नविनतम प्रविधि ल्याउन आवश्यक रहेको भन्दै उनले छुट्टाछुट्टै शैक्षिक कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष सन्तोष केसीले समावेशी शिक्षा नीतिगत व्यवस्था, कार्यान्वयन अवस्था सम्बन्धी प्रस्तुतीकरण दिँदै बहिरा बालबालिकालाई सांकेतिक भाषा, साक्षरता तालिमको आवश्यकता रहेको बताए । उनले सांकेतिक भाषाको प्रावधान संविधानले राखेपनि त्यो कार्यान्वयन हुन नसकेको बताए । सांकेतिक भाषाको अनुसन्धान तथा दोभाषे तालिम केन्द्रको स्थापना गर्नुपर्नेमा उनले जोड दिएका थिए ।



कार्यक्रममा विभिन्न प्रकारका अपांगता भएका व्यक्तिका संघसंस्थाका प्रतिनिधि तथा विद्यालयका प्रतिनिधिहरु समावेशी शिक्षाका नीतिगत व्यवस्था, कार्यान्वयनको अवस्था, समस्या, चुनौती, पहुँचमा अवरोध र आवश्यकताका सम्बन्धमा प्रश्नहरु राखेका थिए ।

अपांगता शिक्षाका बारेमा ऐनहरु बनेपनि त्यो उपयोगी र कार्यान्वयन हुन नसकेको उनीहरुले बताएका थिए । यस्तै ब्रेल लिपि, सांकेतिक भाषा, ऐननियमलाई परिमार्जन गर्दै उपयोगी बनाउनुपर्ने उनीहरुको जोड थियो । अझै पनि अपांगमैत्री संरचना बन्न नसकेको भन्दै उनीहरुले यस्तो संरचनाको बारेमा अनुगमन हुनुपर्नेमा जोड दिएका थिए ।

राष्ट्रिय बहिरा महासंघ नेपाल, राष्ट्रिय सांकेतिक भाषा दोभासे संघ नेपाल, अपाङ्गता भएका महिलाको महासंघको संयुक्त आयोजनामा भएको कार्यक्रममा बहिरा महासंघकी वरिष्ठ उपाध्यक्ष सत्यदेवी वाग्लेले स्वागत तथा अन्तरक्रिया कार्यक्रमको बारेमा जानकारी गराएकी थिइन् । कार्यक्रम सञ्चालन संस्थाका महासचिव सिताराम ओझाले गरेका थिए ।

# नेपाल पत्रकार महासंघको चुनाव असोज ५ गते

**काठमाडौं /मस-** नेपाल पत्रकार महासंघको चुनाव आगामी असोज ५ गते हुने भएको छ । अध्यक्ष विपुल पोखरेलले आइतबार एक विज्ञप्ति जारी गर्दै असोज ५ गतेलाई तोकिएको जनाइएको छ ।




'महसंघको सबैखाले अभियानमा महत्वपूर्ण साथ, सहयोग र रचनात्मक ऊर्जा दिने सबै साथीहरूप्रति आभार प्रकट गर्दै २०८१ असोज ५ गते महासंघको सबै तहको निर्वाचन एकैसाथ सम्पन्न गर्न निर्वाचन समितिलाई पत्राचार गरिएको जानकारी गराउँदछु,' विज्ञप्तिमा भनिएको छ ।

नयाँ नेतृत्व चयन प्रक्रिया नियमित हुन नसक्दा आमपत्रकार र महासंघसँग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने पक्षहरूमा छाएको निराशा र चिन्ता स्वाभाविक रहेको उनले स्वीकार गरेका छन् ।

'महासंघमा लामो समयदेखि बहसमा रहेको सदस्यता शुद्धीकरणमा यो पटक महत्वपूर्ण उपलब्धि हासिल भएको छ। यो पटकको प्रयासवाट भएको सदस्यता शुद्धीकरणले पेशागत शुद्धता र महासंघको शुद्धीकरणका लागि महत्वपूर्ण हुने विश्वास लिएको छु । शुद्धीकरणका क्रममा भएका त्रुटिहरू क्रमशः सच्याउनु पर्ने आवश्यकतासमेत देखेको छु,' उनले भनेका छन् ।

# गेरुवा गाउँपालिकामा 'जलवायु उत्थानशील परियोजना' सञ्चालन हुने



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १६ भदौ

बर्दियाको गेरुवा गाउँपालिकामा जलवायु उत्थानशील परियोजना सञ्चालन हुने भएको छ । गाउँपालिकामा आइतबार आयोजित परियोजना शुभारम्भ बैठकमा सो कुराको जानकारी दिइएको हो ।

जेड जुरिक फाउन्डेसनको आर्थिक सहयोग तथा प्राक्टिकल एक्सन र भेरी वातावरणीय विशिष्टता समूह (बी ग्रुप) को साझेदारीमा परियोजना सञ्चालन हुन लागेको हो । जलवायुमैत्री, जोखिम सुसूचीत विकास तथा बाढी र लु उत्थानशीलताका क्षेत्रमा आर्थिक पुँजी र स्रोत बढाउँदै न्यायोचितरुपमा लगानी गर्ने तथा प्रोत्साहित गर्नका लागि स्थानीय स्तरमा बलियो नीति बनाउने एवम् अभ्यासमा सुधार गर्ने परियोजनाको उद्देश्य रहेको प्राक्टिकल एक्सनका वरिष्ठ परियोजना अधिकृत चक्र बहादुर बमले बताए ।

उनले परियोजनाले बाढी तथा लु प्रभावको जोखिममा रहेको समुदायमा अनुकूलन क्षमता वृद्धिमार्फत जोखिम कम गर्न सहयोग पुर्‍याउने तथा प्रभावकारी पूर्वसूचना प्रणाली र विपद् पूर्वकार्यमार्फत विपद्को सम्भावित जोखिम र क्षतिको मात्रा न्यूनीकरण गर्ने बताए । उनले भने, 'परियोजनाले बाढी र तातो हावाका कारण जीविका गुमाउने परिवारको विपद् बीमामार्फत क्षतिपूर्तिसहित चाँडै पुनर्लाभ हुन सक्षम बनाउने छ । मानिस तथा व्यापार उन्नतिमा बाढी तथा लु को कुनै नकारात्मक प्रभाव नपरोस् भन्ने लक्ष्य परियोजनाको हो ।'

परियोजनामार्फत मानवीय पुँजी शिक्षा, सीप, स्वास्थ्यका क्षेत्रमा विभिन्न क्रियाकलाप, सामुदायिक विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि, विद्यालयमा गर्मी र बाढी उत्थानशीलता वृद्धिका क्रियाकलाप, विपद् प्रतिकार्य क्षमता विकास, सामुदायिक अनुकूलन कार्यहरु, उत्थानशीलता वृद्धिमा सामुदायिक विपद् व्यवस्थापन समिति र जनस्तरको सहभागिताका क्रियाकलापहरु, सरकारको नीति निर्माणमा सहयोग, गर्मी लहर कार्य योजना तयारीमा सहयोग, पूर्वकार्यमार्फत सामाजिक पुँजीको वृद्धि, जीविकोपार्जन विविधीकरणका अवसरहरू र जोखिम बीमालगायतका क्रियाकलापहरु सञ्चालन गरिने छ । यी क्रियाकलापका लागि यो वर्ष १४ लाख बढी रकम खर्च गरिने परियोजना शुभारम्भ कार्यक्रममा बताइएको छ ।

सन् २०२४ देखि २०२७ सम्म सञ्चालन हुने परियोजनाले गेरुवा गाउँपालिकाअन्तर्गत कर्णाली नदीको बाढीले जोखिममा रहेका समुदायहरू वडा नं. २ राजीपुर, बनघुस्रा तथा वडा नं. ३ को सनकट्टी, बनकट्टी, र सोनाहागाउँलाई समेट्ने जनाइएको छ ।

# मुस्लिम इत्तेहाद संगठन सुनसरीको अध्यक्षमा अन्सारी




**इसत्याक अहमद/मध्यान्ह**
सुनसरी, १६ भदौ

मुस्लिम इत्तेहाद संगठन सुनसरीको चौथो जिल्ला अधिवेशनले तुफेल अहमद अन्सारीलाई सर्वसम्मत अध्यक्षमा चयन गरेको छ । आइतबार भएको जिल्ला अधिवेशनले उपाध्यक्षमा मो. एजाजुल (गढी), सचिवमा आकिब हुसेन (इटहरी), उपसचिवमा नवाजुल सिद्दिकी (भोक्राहा) लाई चयन गरेको छ । अधिवेशनले २५ जना सदस्यसमेत चयन गरिएको छ ।

इत्तेहाद संगठनका केन्द्रीय अध्यक्ष तथा प्रतिनिधि सभा सदस्य सेराज अहमद फारुकीको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनले सुनसरी एमाले जिल्ला इन्चार्ज तथा पूर्व मन्त्री जगदिशप्रसाद कुसियत, पार्टी केन्द्रीय सदस्य तथा इत्तेहादका महासचिव तैयब हुसेन, एमाले नेता तथा पूर्वमन्त्री जाकिर हुसैन र प्रदेश सदस्यद्वय लश्करी अन्सारी र आबिद हुसेनको विशेष पहलमा आइतबार सहमति कायम गरिएको हो ।

नेपाल मुस्लिम इत्तेहाद संगठन नेकपा एमालेको भातृसंगठन हो । २०४८ सालमा नजीर मियाँको अध्यक्षतामा यसको स्थापना भएको थियो ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०८/२३ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **२७९२९३** को **मोवाइल हेल्थ प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०५/१६ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राजस्व अनुसन्धान विभाग**
**राजस्व अनुसन्धान कार्यालय**
**इटहरी, सुनसरी**

**लिलाम विक्रीका लागि शीलवन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०५/१६ गते**

यस कार्यालयमा विभिन्न मितिमा जफत भएका तथा लिलाम गर्नुपर्ने मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनीका लागि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावाली २०७० को नियम २६ बमोजिम शिलबन्दी बोलपत्रका माध्यमबाट लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत विवरण राजस्व अनुसन्धान विभागको वेवसाइट www.dri.gov.np तथा यस कार्यालयको सूचनापाटीमा समेत हेर्न सकिनेछ ।

**प्रमुख अनुसन्धान अधिकृत**

**Phikkal Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Khangsang, Sindhuli**

**Invitation for Bids**

**First Date of Publication: 02 Sep 2024 (2081/05/17)**

1. The Phikkal Rural Municipality invites sealed electronic bids for the construction work shown in table below under National Competitive Bidding procedures.
2. Bidders interested to bid have to download the bidding documents from PPMO's e-GP system www.bolpatra.gov.np/egp and submit electronically. The bidders submitting their bid electronically should deposit the cost of biding document NRs. 3,000/- (non-refundable) fee in FIKKAL GA.PA (GA. 1.1) AANTARIK RAJASWO Account No. 07801000000028000150 of Prime Commercial Bank Phikkal Branch, Sindhuli and submit bank deposit voucher along with the electronic bid files.
3. Pre bid meeting shall be held on 22-09-2024 at 12 :00 hr at Office of Phikkal Rural Municipal Executives, Khangsang, Sindhuli.
4. Bids must be submitted electronically only through www.bolpatra.gov.np, on or before 12:00 noon on 02-10-2024 Documents received after this deadline shall not be accepted.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13.00 PM on 02-10-2024 at the office of Phikkal Rural Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of shown in table below (inclusive of VAT), which shall be valid for 30 days beyond the bid validity period.
6. If bidder wishes to submit the Bid security fee in the form of cash, bidder has to deposit cash in FIKKAL GA.PA. (GA.3) DHARAUTI KHATA Account No. 07801000000028000150 of Prime Commercial Bank, Phikkal Branch, Sindhuli and submit bank deposit voucher along with the electronic bid files.
7. If the last date of purchasing, submission, and opening falls on a government holiday then the next working day shall be considered as the last day.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. The name and identification of the contract are as follows:-

| Contract Identification No. | Brief Description of Works | Bid Security Amount (NRs.) | Price of Bid (NRs.) | Estimate Amount Including VAT and PS (NRs.) |
|---|---|---|---|---|
| FRM/Sindhuli/Works/NCB/01/081-82 | Bhalubhnajyang- Gothedada Sadak Nirman Phikkal 1-6 | 5,50,000.00 | 3,000/- | 19,318,578.69 |
| FRM/Sindhuli/Works/NCB/02/081-82 | Nawalpur Chandibhanjyang Lift Khanepani Yojana ward No-02 | 2,00,000.00 | 3,000/- | 77,29,797.86 |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१७ भदौ २०८१, सोमबार
2 September 2024, Monday

## सम्पादकीय

### न्यायाधीश नियुक्तिमा विलम्ब नगर

कुनैपनि संरचनाले पूर्णतः काम गर्न आवश्यक स्रोत र जनशक्ति पहिलो सर्त हो । तर यो न्युनतम सर्त समेत नेपालको न्यायालयमा पूरा हुन सकिरहेको छैन । एकातिर समयमा न्याय नपाएको भनेर असन्तुष्ट छन् अर्कोतिर आवश्यक जनशक्ति र न्यायाधीश नै नपाएको गुनासो अदालत प्रशासन गरिरहेका हुन्छन् । यस्तो परस्पर सम्बन्धित विषयमा कार्यपालिका जिम्मेवार रहन्छ । राजनीतिक हस्तक्षेप वा चासोका कारण सर्वोच्च अदालतले विगत २७ महिनादेखि पुरै २१ जना न्यायाधीश पाउन सकिरहेको छैन । हाल चार न्यायाधीशको पद रिक्त छ । न्यायाधीशको पद रिक्त हुने, तर समयमा पदपूर्ति नहुँदा सर्वोच्च अदालतमा मुद्दाको चाङ बढ्दो छ ।

यसबीचमा थप न्यायाधीश अवकाशमा जाँदैछन् । आगामी असोज १८ गते ६५ वर्षे उमेरहदबाट प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ नै अवकाशमा जाँदैछन् । कानून अनुसार काम हुने हो भने विश्वम्भरप्रसाद श्रेष्ठको ठाउँमा अर्को न्यायाधीश नियुक्तिको तयारी भइसक्नुपर्ने हुन्थ्यो । किनभने न्यायाधीश अवकाश हुनुभन्दा एक महिनाअघि नै रिक्त हुने न्यायाधीशको सिफारिस हुनुपर्छ । प्रधानन्यायाधीशको हकमा पनि एक महिना अगाडि नै सिफारिस हुनुपर्ने कानूनी व्यवस्था छ । तर कानूनको ब्याख्या र फैसला गर्ने न्यायलयकै लागि न्यायाधिश नियुक्तिमा कानूनको कार्यान्वयन भइरहेको छैन । न्यायपरिषद सञ्चालन गर्न बनेको न्यायपरिषद ऐन, २०७३ मा पद रिक्त हुनुभन्दा एक महिनाअघि नै नयाँ न्यायाधीश नियुक्तिको सिफारिस हुनुपर्ने व्यवस्थाको धब्जी उडाएको छ । न्याय परिषदले उमेरको हदबाट अवकाश हुने सर्वोच्च अदालतका न्यायाधीशको पद यकिन गरी त्यस्तो पद रिक्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि नियुक्तिको लागि सिफारिस गर्नुपर्ने बाध्यकारी व्यवस्थाको कार्यान्वयन नहुँदा पनि केही नभएजस्तो गरी बस्ने प्रबृति उदेक लाग्दो छ ।

एकपछि अर्को निर्णय गर्नुपर्ने बाध्यतामा रहेको न्यायपरिषदले यसअघि नै सिफारिस हुनुपर्ने चार न्यायाधीशको नाम पनि टुंगाउन सकेको छैन । किन बिलम्ब भयो भन्ने जवाफ पनि कसैले दिइराखेको छैन् । सरोकारवालाहरूले यस सम्बन्धमा खबरदारी नगरेका होइन, सार्वजनिक रूपमा प्रश्न नउठेको होइन । तर कसले के गर्न सक्छ ? भन्ने नेतृत्वकर्ताको अहमका अगाडि अरू सब फिक्का छ । यो अवस्था मुलुकको लोकतन्त्रकै निम्ति समेत खतरा हो ।

## तपाईंको राशिफल

मेष : राजकीय कार्यमा वृद्धि हुनेछ । नयाँ सम्पर्क बढ्नेछ ।

वृष : रचनात्मक कार्यमा सफलता मिल्नेछ । मनोरञ्जन बढ्ने योग छ ।

मिथुन : कार्य सफल हुनेछ । नौलो कार्यमा प्रगति हुनेछ ।

कर्कट : शैक्षिक कार्यमा प्रगति हुनेछ । खानपानमा सन्तुलन राख्नुहोला ।

सिंह : आर्थिक लाभ हुनुका साथै, व्यापारिक पक्ष पनि सुदृढ हुनेछ ।

कन्या : पदमा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।

तुला : दाम्पत्य जीवन समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ ।

वृश्चिक : वाहन सावधानी जरुरी छ । राजनीतिक कार्य सफल भइनेछ ।

धनु : नयाँ काम बन्नेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।

मकर : प्रयास सफल तथा धन आर्जन हुने योग छ ।

कुम्भ : स्वास्थ्य गडबड हुने योग । चिन्तामा वृद्धि हुनेछ ।

मीन : सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्ने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# हाइड्रोजन ग्यासको उत्पादन र उपयोगिता

*हाइड्रोजन इन्धन बिजुलीभन्दा धेरै सस्तो र भरपर्दो हुन्छ । सवारी साधन र उद्योगहरू पनि यसको प्रयोग निकै सहज खालको छ । यो पेट्रोलियम पदार्थलगायत अन्य ऊर्जा पदार्थको तुलनामा प्रदूषणरहित पनि छ ।*

अग्रलेख



● शिव कुमार श्रेष्ठ 'शिवांसु'

हाम्रो साझा घर पृथ्वीको रक्षा गर्न हामी सबै एकजुट भई अग्रसर हुने दिन आइसकेको छ । जलवायु परिवर्तन, जैविक विविधता र प्रदूषणको त्रि आयामिक संकट हरेक वर्ष तीव्र एवम् पेचिलो हुँदै गइरहेको छ । तमाम जोखिम एवम् चुनौतीका बाबजुद हरित एवम् समतामूलक विश्व अर्थतन्त्र हासिल गर्न सकिन्छ । प्रकृतिको दोहन गरी ऐतिहासिक लाभ उठाएका विकसित देश र समुदाय आफ्नो लाभ स्विकार्दै जलवायु संकट न्यूनीकरणका लागि विशेष दायित्व बहन गर्नुपर्ने हुन्छ । तर, यी लक्ष्य जनहितका लागि दिगोपनालाई केन्द्रमा राख्दै पुरा गर्नुपर्छ । यो मानिस र पृथ्वीबिचको अन्तर्निहित सम्बन्धलाई पुनः सन्तुलित गर्ने उद्देश्य हो ।

साझा आकाङ्क्षाको उत्थान गर्दै र औसत शून्य कार्बन उत्सर्जनको भविष्य निर्माण गर्न समतामूलक जलवायु रूपान्तरण र दिगो विकास लक्ष्यको पूर्तिको लागि अन्तर्राष्ट्रिय सम्झौता कार्यान्वयनमा जोड दिनु हो । निश्चित समय सीमाभित्र प्रगतिलाई गति दिनुपर्छ । र, शून्य कार्बन उत्सर्जन हासिल गर्ने र विद्युतमा पहुँच नभएका ८० करोड मानिसलाई स्वच्छ ऊर्जा प्रदान गर्ने, संरक्षणका नयाँ उपायका साथै वन विनाश रोक्न, प्रकृतिको सम्मान गर्ने लक्ष्य तय गर्नुपर्छ । बढ्दो जलवायु परिवर्तनका कारण यसको महत्व संसारभर बढ्दै छ । हाल नेपाल सरकारले पनि ग्रिन हाइड्रोजनको उत्पादन तथा सह उत्पादन गर्ने उद्योगहरूलाई विभिन्न सुविधा दिने निर्णय गरी प्रोत्साहित गरेको छ । हाइड्रोजन नीतिलाई कार्यान्वयन ल्याउन विद्युत् विधेयकलाई संशोधन गरेर आवश्यक व्यवस्था गर्नु पर्छ । नभए छुट्टै हाइड्रोजन ऐन नै ल्याउनु पर्छ ।


ग्रिन हाइड्रोजन के हो त ? यो मुख्यतः बिजुलीले पानीलाई टुक्राएर हाइड्रोजन उत्पादन गरिन्छ । इलेक्ट्रोलाइसिस प्रक्रियामार्फत पानीमा हुने अक्सिजन र हाइड्रोजन टुक्राइने गरिन्छ । त्यसरी उत्पादन हुने हाइड्रोजनबाट बिजुली निकाल्न सकिन्छ । जुन सामान्य बिजुलीभन्दा सस्तो र भरपर्दो हुन्छ । साथै, त्यसरी निकालिएको हाइड्रोजनबाट सवारी साधन र उद्योगहरू सञ्चालन गर्न सकिन्छ । यो पेट्रोललगायत अन्य ऊर्जा पदार्थको तुलनामा प्रदूषण रहित हुन्छ । हाइड्रोजनबाट रासायनिक मल पनि बनाउन सकिन्छ । त्यसकारण पछिल्लो समय विश्वले ग्रिन हाइड्रोजनको उत्पादनमा जोड दिएको छ ।

विभिन्न अध्ययनले ठुला पानी जहाज, लरी, ट्रक, बसहरू हाइड्रोजनमार्फत सञ्चालन गरी आर्थिक र वातावरणीय हिसाबले अत्यन्तै लाभदायी हुने देखाएको छ । हवाई जहाज निर्माता कम्पनी एयर बसले पनि हाइड्रोजनबाट चल्ने हवाईजहाज निर्माण गरिसकेको छ । विभिन्न अध्ययनले विश्वव्यापी रूपमा खपत हुने ऊर्जामा २५ प्रतिशतको अनुपातमा ग्रिन हाइड्रोजनको हिस्सा ओगट्न सकिने देखाएको छ ।

जलवायु परिवर्तनको कारण स्वच्छ ऊर्जाको आवश्यकता बढ्दै गएको छ । त्यसमा ग्रिन हाइड्रोजन शत प्रतिशत स्वच्छ ऊर्जा हो । जर्मन, अमेरिका र चीनले ऐनको मूल विषय बनाएर नवीकरणीय ऊर्जालाई अनुदान प्रदान गरेका छन् । त्यस्तै, अस्ट्रेलिया यसको उत्पादनमा पछि-पछि दौडिरहेको छ । हरित हाइड्रोजन विश्व अर्थतन्त्रलाई जलवायु विनाशकारी जीवाष्मा इन्धनबाट शत प्रतिशत नवीकरणीय ऊर्जामा आधारित दिगो मोडेलतर्फ अग्रसर गराउने र दिगो समावेशी समृद्धि तर्फको यात्रामा सहयात्रीका रूपमा संलग्न हुने अपेक्षा गर्न सकिन्छ । हरित हाइड्रोजनको उदाउँदो अग्रदूतका रूपमा साचो नवीकरणीय ऊर्जासँग छ ।

**ग्रिन हाइड्रोजनका फाइदाहरू :**

१. पेट्रोलियम पदार्थको तुलनामा प्रदूषण रहित ।
२. डिजल र कोइला विस्थापित गर्न सकिने ।




*हरित हाइड्रोजन विश्व अर्थतन्त्रलाई जलवायु विनाशकारी जीवाष्मा इन्धनबाट शत प्रतिशत नवीकरणीय ऊर्जामा आधारित दिगो मोडेलतर्फ अग्रसर गराउने र दिगो समावेशी समृद्धितर्फको यात्रामा सहयात्रीका रूपमा संलग्न हुने अपेक्षा गर्न सकिन्छ ।*

३. पेट्रोलियम जस्तै सहज प्रयोग गर्न सकिने ।
४. विद्युतको खपत र पानीको सदुपयोग बढाउने ।
५. पेट्रोल, डिजल, विद्युत् भन्दा सस्तो ।
६. फलाम प्रशोधन गर्न सहज हुने ।
७. रासायनिक मल कारखाना स्थापनामा सहयोग ।

अहिले २ हजार गिगाबाइटभन्दा बढी विद्युत् उत्पादन कोइलाबाट हुने गर्छ । जिवाष्मा इन्धनले १.५ डिग्री सेल्सियसको औसत तापमान वृद्धिको सीमा कटाउन पर्याप्त कार्बन उत्सर्जन गर्छ । कार्बनविहीन व्यवस्थापन गर्न नवीकरणीय ऊर्जा अपनाउनु जरुरी हुन्छ । विश्वका उन्नत अर्थतन्त्र, जसले सबैभन्दा बढी कार्बन उत्सर्जन गर्छन्, तिनले जीवाष्मा इन्धनको प्रयोग घटाउनुपर्छ । सन् २०३० सम्ममा कोइला, सन् २०४५ सम्ममा तेल र सन् २०५० सम्ममा प्राकृतिक ग्यासको प्रयोगमा रोक लगाउनुपर्छ भनी पेरिस सम्मेलनमा सम्झौता भएको थियो । हरित ग्यास संक्रमणको रोकथामका लागि कार्बन सोस्ने उष्ण क्षेत्रीय वन भएका मुलुकलाई यस्ता वनको संरक्षण प्रयासका लागि आवश्यक स्रोत उपलब्ध हुनुपर्छ । कार्बन उत्सर्जन कम गर्न जलवायु अनुकूलन प्रविधिहरूको प्रयोग गर्नुपर्ने आवश्यकताका लागि हरित उत्पादनशील र समावेशी विकास हासिल गर्न जरुरी छ । जलवायु र विकास एकीकृत समाधानका लागि नीति र लगानी गर्नु पर्ने विश्व बैंकको सुझाव छ ।

चीन २७ प्रतिशत कार्बन उत्सर्जन गर्ने मुलुक भएता पनि सौर्य र वायु प्रविधिमा विश्वमा नै अग्रणी स्थानमा छ । चीन र अमेरिकाले जीवाष्मा इन्धनलाई प्रतिस्थापन गर्ने उद्देश्यले विश्वव्यापी नवीकरणीय ऊर्जा तीन गुणा वृद्धि गरी प्रदूषण घटाउने लक्ष्य लिएका छन् । चीन जलवायु परिवर्तनलाई आर्थिक नभई प्राविधिक रूपमा हेर्छ । चीनको विशाल घरेलु बजार र वायु एवम् सौर्यको व्यापार प्रयोगले नवीकरणीय लागत घटाउन योगदान पुऱ्याएको छ । चीनको यो किफायती हरित ऊर्जा विकासशील राष्ट्रको लागि पनि उपयोगी हुन्छ ।

चीन विद्युतीय वाहन उत्पादन र बिक्रीमा विश्वमै अग्रणी स्थानमा छ । सन् २०२३ मा नै जलविद्युत, वायु, सौर्य, विकास गरी उदाहरणको रूपमा छ । जैविक ऊर्जा र आणविक क्षेत्रमा न्यून कार्बन स्रोतले चीनको विद्युत् उत्पादन क्षमताको ५३ प्रतिशतभन्दा बढी हिस्सा ओगटेको छ । चीनले स्वच्छ ऊर्जालाई प्रोत्साहन गरेको छ । चीनको छिङ्हाई प्रान्तको सौर्य ऊर्जा योजना अन्तर्राष्ट्रिय सौर्य प्यानलले बालुवाको गतिलाई स्थिर बनाउँछ, सौर्यको किरण सोस्छ, पानीको वाष्पीकरण घटाउँछ । र, बिरुवाको अस्तित्वलाई बढाउँछ । भन्ने देखाएको छ । सन् २०५० सम्ममा नेट जिरो उत्सर्जनका लागि हरित हाइड्रोजन, उन्नत आणविक ऊर्जा सुधारिएको सौर्य एवम् वायु ऊर्जा र जीवाष्मा इन्धनको प्रयोगबाट आउने कार्बन र भण्डारण गर्ने प्रभावकारी विधि समावेश छन् ।

वि.सं. २०८० साल चैत्र १८ गते काठमाडौं विश्वविद्यालयले काभ्रेको धुलिखेल स्थित आफ्नै परिसरमा हाइड्रोजन रिफ्युलिङ् स्टेसन निर्माण गरी हाइड्रोजन इन्जिनयुक्त कारमा हरित हाइड्रोजन ग्यास भरि गुडाएको हो । यस स्टेसनबाट करिब ४० देखि ४५ युनिट विद्युत् खपत गरी १० लिटर पानी खण्डीकरण (इलोक्ट्रोलाइसिस) गरेर दैनिक २ किलो हाइड्रोजन ग्यास उत्पादन गरिरहेको छ । यसको मुख्य उद्देश्य भनेको हरित कर तथा कार्बन करको माध्यमबाट कार्बन उत्सर्जन न्यूनीकरण गर्ने हो । वातावरण र विकासबिच सन्तुलन कायम गर्न हरित विकासको अवधारणा कार्यान्वयन गर्ने हो ।

**यस उद्देश्यलाई सफलता प्राप्त गर्न निम्न कुरा अवलम्बन गर्नु जरुरी छ :**

१. भौतिक पूर्वाधार विकासका लागि गर्दा हरियाली प्रवर्द्धन गर्नुपर्ने नीतिगत व्यवस्था गरी कडाइका साथ पालना गर्ने, गराउने ।
२. विगतका जोखिम न्यूनीकरण हुने गरी भौतिक संरचना निर्माण गर्ने ।
३. चक्रीय अर्थतन्त्र र हरित अर्थतन्त्रको विकासमा जोड दिने ।
४. प्रदूषण न्यूनीकरण गर्न स्वच्छ । ऊर्जा निर्माण गरी उपभोग दर बढाउने ।
५. वन विनाश न्यूनीकरण र वातावरण संरक्षणका लागि समुदाय स्तरमा जनचेतना फैलाउने ।
६. भौतिक वस्तुको बढ्दो उपयोग र भौतिक सुख सुविधामा रमाउने जीवन शैलीमा परिवर्तन गरी प्रकृतिको सामीप्यमा रमाउने जीवन शैलीतर्फ आम नागरिकलाई अभिमुख गराउने ।

सम्पूर्ण विश्वलाई नै दीर्घकालीन रूपमा लाभ दिने वस्तुको उत्पादन र प्रयोगमा ल्याउने नीति कार्बन उत्सर्जनलाई निरुत्साहित र हरित हाइड्रोजनलाई प्रोत्साहन गरी सम्पूर्ण प्राणी जगतको रक्षा गर्नुपर्ने हुन्छ ।

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

असफलताहरू आफू सफल बन्ने तर्फ वा आफ्नो कमजोरीलाई सुधार्न लाग्नेभन्दा पनि अरू सफल प्राप्त गरेकाहरूलाई असफल बनाउन बढी घेर्न लाग्छन् । ती असफल व्यक्तिहरू सधैं अरूको सफलता देख्दा स्वीकार गर्न नसकी दुःखी र पीडा हुन्छन् र असफलता हुँदा खुसीयाली मान्ने गर्दछ ।



**- विमल पोखरेल**

नेताका विरुद्ध नारा जुलुस गर्नै नपाइने हो ? न्यायालयमा पञ्चायत घुस्यो कि क्या हो ? न्यायाधीशले पनि ताइँ न तुइँसँग म्याद थप्छन् ! ओली सरकार असहिष्णु भएकै थियो, न्यायालयले विचार पुऱ्याउनु पर्दैन ? यस्तो दुष्ट पनि गणतन्त्र हुन्छ ? नागरिकले न्यायालयका विरुद्ध नारा लगाउने दिन नआओस् !



**- भीम रावल**

टुँडिखेलमा नाराबाजी गरेको भनी नेताले मञ्चबाटै गाली गर्नु र पछि गिरफ्तार गराउनु संविधानले दिएको मौलिक अधिकारको उल्लङ्घन हो । जनताले विरोध र आलोचना किन गरेछ भनी आफूलाई बुझ्ने जनमुखी ठहरिन्छ भने दमनमा उत्रिने निरंकुश स्वेच्छाचारी । जनआक्रोशको कारण र समाधान खोज्नु जिम्मेवारको कर्तव्य हो ।



**- मुमाराम खनाल**

धेरै ढिलो भए पनि बेपत्ता पारिएका व्यक्तिहरूको 'खोजबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग' ऐन संशोधन विधेयक संघीय संसदबाट पारित भई प्रमाणीकरण हुनु सुखद, महत्वपूर्ण र स्वागतयोग्य काम हो । आशा गरौं, संक्रमणकालीन न्यायको यो कानुनी आधारले पीडितहरूलाई न्याय तथा पीडकलाई उचित सजाय गर्नेछ ।

# क्रान्तिकारी शक्तिका लागि चुनाव

विचार



● डा. शम्भू कट्टेल

*राणा प्रधानमन्त्रीहरूले प्रजातन्त्र आइसक्यो, हाम्रो भारदारी सभामा आएर विकासको अभ्यास र प्रजातन्त्रको भोग गर भन्दा पनि नेपाली कांग्रेसलगायतका तत्कालीन राणा शासन विरोधी पार्टीहरू भारदारी सभामा सामेल भएका थिएनन् । र, यही तर्कको आधारमा पञ्चायती कालमा केही पार्टीले सो व्यवस्था नमान्ने र त्यस मातहतको चुनावमा भाग लिने गरेनन् ।*

पुराना सोचका भनिएका राजनीतिक पार्टीहरू राजनीति भनेकै चुनावी लडाइँ हो जस्तो गरेर आफ्नो पार्टीलाई निर्वाचन आयोगमा दर्ता गर्ने र संसद्को चुनावमा भाग लिने कामहरू गर्दछन् । आमूल वा क्रान्तिकारी परिवर्तनको सोचका भनिएका राजनीतिक पार्टीहरू यो संविधान एवम् राजनीतिक व्यवस्था अल्प तन्त्र, स्वेच्छाचारी तन्त्र, लूट तन्त्र, मौलिक अधिकार विरोधी, वर्गीय शोषण वा विभेद जन्माउने र हुर्काउने चरित्रको भएको हुनाले यो संविधान वा अर्थ-राजनीतिक प्रणालीलाई मान्न हुँदैन भन्दछन् । यो संविधान मातहतको निर्वाचन आयोगमा दर्ता भएर बस्नुले यो संविधान र राजनीतिक व्यवस्थालाई मानेको ठहर्छ, त्यसैले यो संविधान र राजनीतिक व्यवस्थालाई मान्दैनौं भन्नेहरूले निर्वाचन आयोगमा दर्ता भएर बस्न हुँदैन भन्दछन् । यही तर्कअनुसार राणा प्रधानमन्त्रीहरूले प्रजातन्त्र आइसक्यो, हाम्रो भारदारी सभामा आएर विकासको अभ्यास र प्रजातन्त्रको भोग गर भन्दा पनि नेपाली कांग्रेसलगायतका तत्कालीन राणा शासन विरोधी पार्टीहरू भारदारी सभामा सामेल भएका थिएनन् । र, यही तर्कको आधारमा पञ्चायती कालमा केही पार्टीले सो व्यवस्था नमान्ने र त्यस मातहतको चुनावमा भाग लिने गरेनन् ।

केही मानिसहरू निर्वाचन आयोगमा दर्ता भएर बस्नु र संसदीय चुनावमा भाग लिनु फरक कुराहरू हुन् भन्दछन् । दर्ता हुँदैमा चुनावमा भाग लिनुपर्छ भन्ने छैन । चुनावमा भाग नलिए पनि दर्ता भएर बस्दा बैंक खाता खोल्ने, चन्दा उठाउने, नेताहरूले खुलेआम यो संविधान र राजनीतिक व्यवस्थाको विरोधमा बोल्ने, अन्तरवार्ताहरू दिने, प्रकाशन गर्ने, यो संविधान र राजनीतिक व्यवस्थाको विरोध सभाहरू गर्नेलगायतका विभिन्न क्रान्तिकारी तयारीका कामहरू गर्न सजिलो पर्छ, व्यवस्था विरोधी पार्टीहरूले व्यहोर्नु पर्ने सामान्य सरकारी छेकथुनबाट पनि बचिन्छ भन्ने तर्कहरू गर्दछन् ।

केही पार्टीहरू माथिका बाटाहरूको बिचको (मध्यपन्थी) बाटो लिएका देखिन्छन् । पार्टीलाई निर्वाचन आयोगमा दर्ता गर्दैनन् तर, पार्टीकै केही प्रमुख नेताहरू सम्मिलित अर्को हिस्सालाई निर्वाचन आयोगमा दर्ता गर्ने र कतिपयले चुनावमा समेत भाग लिने र अझ सत्ताधारी गठबन्धनमा समेत सामेल हुने गर्दछन् । यो मध्यपन्थको विरोध गर्नेहरू यसलाई घुमाउरो हिसाबले निर्वाचन आयोगमा वा राजनीतिक व्यवस्थामा सामेल भएको ठान्दछन् । तर, समर्थकहरू चाहिँ कम्तीमा पनि ती पार्टीले चाहिँ त्यो हिस्सा र पार्टीको बिचमा पातलो पर्दा राखेर यो व्यवस्थालाई मान्यता नदिएको संकेत गरेँ, विरोधको बीउ जोगाए भन्ने ठान्दछन् । यो मध्यपन्थको विरोध गर्नेहरू के भन्छन् भने राजनीतिक दलहरू माथि प्रतिबन्ध भएको पञ्चायती कालमा पनि संविधान र राजनीतिक व्यवस्थाको विरोधमा बोल्ने, प्रकाशन गर्ने, यो संविधान र राजनीतिक व्यवस्थाको विरोध सभाहरू गर्ने गरेकै हो, यी फाइदा भनेर निर्वाचन आयोगमा सामेल हुन जरुरी छैन, यो सजिलो बाटो हिँड्ने निहुँ मात्रै हो । अर्काथरि के भन्दछन् भने हात बाँधेर बस्नु भन्दा सत्ता उपयोग गर्नु नराम्रो होइन, हात नबाँध्ने हो भने मात्रै सत्ता उपयोगको नीतिलाई कमसल भन्न मिल्छ । कतिपय पार्टीहरू के ठान्दछन् भने यदि संसदीय चुनावको उपयोगलाई भन्दा जनसंघर्षलाई प्रमुखता दिइन्छ भने संसदीय चुनावको सीमित उपयोग गर्नु अर्थात्, संस्थागत रूपले भाग लिएर हैन, राम्रा स्वतन्त्र उम्मेदवारहरूलाई सघाएर गलत हुँदैन ।

निष्कर्षको रूपमा के भन्न सकिन्छ भने पुरानो सत्ताको संयन्त्रहरूमा भाग लिने वा नलिने भन्ने कुरा पुरानो सत्ता कुन हदको प्रतिक्रियावादी चरित्रको छ (प्रगतिशील चरित्र कम छ भने उपयोग ठिक हुँदैन, घुसपैठसम्म उचित हुनसक्छ), आफूले ती संयन्त्रलाई परिवर्तनको तयारीको लागि उपयोग गर्न सकिन्छ कि उनीहरूले परिवर्तन पक्षधरलाई उल्टो उपयोग गरेर आफ्नो सत्ताको आयु लम्ब्याउन सफल हुन्छन् भन्नेतर्फ ध्यान दिनुपर्छ । आफू परिवर्तनको कुन चरणमा छ आदि विषयहरूमा भर पर्दछ । पुरानो सत्ता संयन्त्रलाई सन्तुलित उपयोग गर्ने कुरा ज्यादै कठिन चीज हो, यसले क्रान्तिकारीहरूलाई भुत्ते बनाउने डर हमेसा रहिरहन्छ । त्यसैले, प्रतिक्रियावादी चरित्रको सत्ताको उपयोगको विषय छिटो-छिटो बदलिने कार्यनीतिक प्रकृतिको नभै लगभग दीर्घकालीन प्रकृतिको हुन्छ । सत्ता पल्टाउने पार्टीको गोटी चाल कूटनीतिक वा ज्यादा बाङ्गाटिङ्गा नबुझिने भन्दा पनि सीधा र स्पष्ट किसिमको हुनुपर्दछ । साथै, पुरानो सत्ता उपयोगको नीति लिएकाहरू यदि जनपक्षीय छन् भने क्रान्तिकारीहरूले उनीहरूसँग उनीहरूको स्तर माफिकको सहकार्य गर्न र जनसंघर्षमा तान्न पछि पर्नु हुँदैन ।

# रुसमा हेलिकप्टर दुर्घटनामा बेपत्ता १७ जनाको शव फेला



**काठमाडौं/एजेन्सी–** रुसको सुदूर पूर्वमा रहेको कामचट्का प्रायद्वीपमा गत शनिबार हेलिकप्टर दुर्घटनामा मृत्यु भएका १७ जनाको शव फेला परेको छ। रुसको मन्त्रालयलका अनुसार बेपत्ता २२ जनामध्ये १७ जनाको शव आइतबार फेला परेको हो। उन्नाइस पर्यटक र तीन जना चालक दलका सदस्य लिएर उडेको उक्त हेलिकप्टर कामचट्का जङ्गली क्षेत्रमा बेपत्ता भएको थियो।

उद्धारकर्ताहरुले आइतबार बिहान ९०० मिटरको उचाइमा पहाडी क्षेत्रमा हेलिकप्टरको अवशेष देखेको कामचट्काका गभर्नर भ्लादिमिर सोलोडोभले सामाजिक सञ्जाल टेलिग्राममा सार्वजनिक गरेको श्रव्यदृश्यमा उल्लेख गरेका छन्। दुर्घटना भएको हेलिकप्टरको भग्नावशेष एउटा ठूलो जंगलको पहाडको टुप्पो नजिकै ढलानमा रहेको श्रव्यदृश्यमा देखिएको छ।

सो दुर्घटनाग्रस्त हेलिकप्टर राडार रहेको स्थान नजिकै भेटिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका एक अधिकारी इभान लेमिखोभले भने, 'उक्त क्षेत्रमा हामीले १७ शव फेला पारेका छौं।' दुर्घटनाग्रस्त एमआई हेलिकप्टर सोभियत संघले निर्माण गरेको सैन्य हेलिकप्टर हो।

यअघि सन् २०२१ अगस्त १३ तारिखमा पनि १६ जना पर्यटक सवार रहेको एमआई-८ हेलिकप्टर कमजोर दृश्यताका कारण कामचट्काको तालमा दुर्घटनाग्रस्त हुँदा आठ जनाको मृत्यु भएको थियो।

सोही वर्षको जुलाईमा पनि एउटा विमान प्रायद्वीपमा अवतरण गर्ने क्रममा २२ यात्रु र ६ जना चालक दलका सदस्यसहित दुर्घटनाग्रस्त भएको थियो। उक्त दुर्घटनामा विमानमा सवार सबै जनाको मृत्यु भएको थियो।

# गाजा युद्ध अन्त्य गर्ने समय आयो : बाइडेन




**काठमाडौं/एजेन्सी–** अमेरिकी राष्ट्रपति जो बाइडेनले संक्षिप्त प्रतिक्रिया दिँदै अब युद्ध अन्त्य गर्ने समय आएको बताएका छन्। गाजापट्टीबाट एक इजरायली मूलका अमेरिकीसहित बन्धक बनाइएका छ बन्धकको हत्या भएको घटनाबाट आफू स्तब्ध भएको बताएका छन्। उनले गाजामा युद्ध अन्त्यका लागि आफूहरूले अहोरात्र खटिरहेको पनि बताए।

राष्ट्रपति बाइडेनले बन्धकको हत्या गरिनु 'निन्दनीय' भएको र यस घटनाले आफूलाई स्तब्ध पारेको बताए। 'हमासका नेताहरूले यी अपराधको मूल्य चुकाउनेछन्,' उनले भने। उनले अगाडि भने, 'अब युद्ध अन्त्य गर्ने बेला भएको छ। प्यालेस्टिनी समूहले बन्धक बनाएका बाँकी बन्धकहरूको रिहाइका लागि सम्झौता गर्न अहोरात्र काम भइरहेको छ।'

बाइडेनद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'हमासका आतंककारीले मारेका बन्धकमध्ये एक अमेरिकी नागरिक हर्श गोल्डबर्ग-पोलिन रहेको हामीले पुष्टि गरेका छौं।'

इजरायल डिफेन्स फोर्स (आईडीएफ) का प्रवक्ता रियर एडमिरल डेनियल हागारीलाई उद्धृत गर्दै टाइम्स अफ इजरायलले दक्षिणी गाजाको रफाहबाट बरामद भएका छ वटा शव हमासले आईडीएफ सेना आउनुभन्दा केही समयअघि नै 'निर्मम हत्या' गरेका इजरायली बन्धकको भएको बताएको छ। यसैबीच उपराष्ट्रपति कमला ह्यारिसले एक वक्तव्य जारी गर्दै हमासलाई 'निर्मूल पार्नुपर्ने' र गाजालाई नियन्त्रण गर्न दिन नसकिने बताएकी छन्।

ह्यारिसले २३ वर्षीया अमेरिकी नागरिक गोल्डबर्ग-पोलिनका आमाबुबा जोन र राहेलप्रति समवेदना व्यक्त गर्दै भनिन्, 'अमेरिकी नागरिकको सुरक्षाभन्दा मेरो कुनै उच्च प्राथमिकता छैन।'

# युक्रेनी ड्रोन आक्रमणलाई विफल पारेको रुसको दाबी

**काठमाडौं/एजेन्सी–** रुसले युक्रेनको राजधानी मस्कोसहित १५ क्षेत्रमा १५८ वटा ड्रोन खसालेर युक्रेनी 'विशाल' ड्रोन आक्रमणलाई विफल पारेको जनाएको छ। शहर नजिकै कोइलाबाट चल्ने एउटा पावर प्लान्ट र शहरको सीमाभित्र रहेको तेल प्रशोधन केन्द्रमा पनि आक्रमण भएको बताइएको छ।

रुसी रक्षा मन्त्रालयले युक्रेनसँग सीमा जोडिएको कुर्स्क, ब्रायन्स्क, भोरोनिश र बेल्गोरोड क्षेत्रमा १२२ वटा ड्रोन खसालेको जनाएको छ। क्षेत्रीय गभर्नर अलेक्जेन्डर बोगोमाजले भने, 'हाम्रा रक्षकहरुले ब्रायन्स्क क्षेत्रको इलाकामा मानवरहित विमानले गरेको ठूलो आक्रमणको प्रयासलाई प्रतिकार गरिरहेका छन्।'



युक्रेनको ऊर्जा पूर्वाधारलाई २०० भन्दा बढी रुसी ड्रोन र क्षेप्यास्त्रले निशाना बनाएको केही दिनपछि यो आक्रमण भएको हो। युक्रेनले रुसको कुर्स्क क्षेत्रमा आक्रमण शुरु गरेको पनि करिब एक महिना भइसकेको छ भने पूर्वी युक्रेनमा रुसी सेनाले निरन्तर आक्रमण जारी राखेको छ।

रुसले सन् २०२२ को फेब्रुअरीमा युक्रेनमा आफ्नो अभियान शुरु गरेदेखि नै दुवै पक्षले ऊर्जा पूर्वाधारलाई लक्षित गर्दै आएका छन्। मस्को क्षेत्रका एक स्थानीय अधिकारीका अनुसार तीनवटा ड्रोनले कोइलाबाट चल्ने विद्युत केन्द्र काशीरामा प्रहार गर्ने प्रयास गरेका थिए।

'आक्रमणबाट कुनै मानवीय वा भौतिक संरचनामा क्षति भएको छैन,' उनले भने, 'विद्युत अझै पनि ग्राहकसम्म सही तरिकाले पुगिरहेको छ।' रुसी समाचार संस्थाहरुले पनि कपोट्न्यास्थित मस्कोको तेल प्रशोधन केन्द्रमा आगलागी भएको जानकारी दिएका छन्, तर नगर प्रमुख सर्गेई सोब्यानिनले त्यहाँ कुनै क्षति वा हताहत नभएको बताएका छन्।

बेल्गोरोड क्षेत्रका गभर्नर व्याचेस्लाव ग्ल्याडकोभले भने, 'आक्रमणबाट बेल्गोरोडमा तीनवटा आवासीय भवनको सिसामा क्षति पुगेको छ। एउटा निजी आवासमा एउटा युटिलिटी भवन पूरै ध्वस्त भएको छ।'

बुधबार युक्रेनी ड्रोनले दक्षिणपश्चिम रुसको रोस्तोभ क्षेत्र र उत्तरी किरोभ क्षेत्रमा रहेका दुईवटा इन्धन डिपोमा आक्रमण गरेपछि इन्धन डिपोमा आगलागी भएको थियो।

# बमको धम्की दिएपछि भारतको आन्तरिक उडान डाइभर्ट गरियो

**काठमाडौं/एजेन्सी–** भारतको पश्चिमी राज्य महाराष्ट्रको एउटा विमानस्थलमा बमको धम्की दिएपछि एउटा उडानलाई डाइभर्ट गरेको अधिकारीहरूले बताएका छन्। मध्यप्रदेशको जबलपुरबाट तेलङ्गानाको हैदरावादका लागि उडेको इन्डिगोको विमानलाई विमानभित्र बम भएको धम्की देखिएपछि महाराष्ट्रको नागपुरतर्फ डाइभर्ट गरिएको थियो।

अधिकारीहरूका अनुसार, सबै यात्रु र चालक दललाई अवतरण गरिएको र विमानको विस्तृत जाँच गरिएको थियो। टोलीले विमान भित्र कुनै शंकास्पद वस्तु फेला पारेन। उक्त घटना दिल्ली लगायत देशका विद्यालय, एयरपोर्ट, सपिङ मल्ल र अस्पतालहरूमा पठाइएको बम धम्कीहरूको श्रृंखलामध्ये सबैभन्दा नयाँ रहेको छ।

गत जुनमा, भारतको नागरिक उड्डयन सुरक्षा निकाय, नागरिक उड्डयन सुरक्षा ब्यूरोले यस्तो धम्की दिनेहरूलाई पाँच वर्षको उडान प्रतिबन्धको प्रस्ताव गरेको थियो।

# जापानी जलक्षेत्रमा चिनियाँ नौसैनिक प्रवेश गरेको भन्दै जापानद्वारा चासो व्यक्त

**काठमाडौं/एजेन्सी–** चिनियाँ नौसैनिक जहाज आफ्नो जलक्षेत्रमा प्रवेश गरेको भन्दै यसप्रति जापानले 'कडा चिन्ता र विरोध' व्यक्त गरेको छ। आफ्नो हवाई क्षेत्रमा चिनियाँ सैन्य विमान पठाएको जापानले आरोप लगाएको केही दिनपछि शनिबार चिनियाँ नौसैनिक जहाज आफ्नो जलक्षेत्रमा प्रवेश गरेको भन्दै जापानले यसप्रति विरोध जनाएको हो।

स्थानीय समयानुसार शनिबार बिहान ६ बजे दक्षिणी कुचिनोएराबु टापु नजिकै एक चिनियाँ नौसैनिक जहाज जापानी जलक्षेत्रमा प्रवेश गरेको र त्यसको करिब दुई घण्टापछि याकुशिमा टापुको दक्षिणपश्चिमबाट निस्केको देखिएको रक्षा मन्त्रालयले जनाएको छ।

घटनापछि विदेश मन्त्रालयले टोकियोस्थित चिनियाँ दूतावासलाई यस घटनाबारे चासो व्यक्त गरेको हो। 'जापानको समुद्री क्षेत्रमा चिनियाँ नौसैनिक जहाज र अन्यको विगतका गतिविधि र हालै चिनियाँ सैन्य विमानले जापानको क्षेत्रीय हवाई क्षेत्रमा गरेको घुसपैठबारे ध्यानाकर्षण भएको छ,' विज्ञप्तिमा भनिएको छ।

पूर्वी चीन सागरको डान्जो टापुमा चिनियाँ वाई-९ सर्भिलेन्स एयरक्राफ्टको दुई मिनेटको आक्रमणपछि जापानले सोमबार लडाकु विमानहरू तैनाथ गरेको थियो। एशिया-प्रशान्त क्षेत्रमा चीनको बढ्दो आर्थिक र सैन्य प्रभाव र हालै फिलिपिन्ससँगको क्षेत्रीय विवादमा उसको आक्रामकताले संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूलाई झकझकायाएको छ।

गत हप्ता जापानको रक्षा मन्त्रालयले आगामी आर्थिक वर्षका लागि ८.५ ट्रिलियन येन (५९ अर्ब अमेरिकी डलर) माग गरेको थियो। यो मार्च २०२८ सम्ममा देशको पाँच वर्षे, ४३ ट्रिलियन येन रक्षा निर्माण योजनाको एक भागको रूपमा अहिलेसम्मको सबैभन्दा ठूलो प्रारम्भिक बजेट अनुरोध हो।

यस अनुरोधमा क्षेप्यास्त्र र मानवरहित वाहनहरूको साथ टाढासम्म प्रहार गर्न तथाकथित गतिरोध क्षमताहरूको लागि वित्तपोषण समावेश छ। यो गत वर्ष मन्त्रालयले गरेको ७.७ ट्रिलियन येनको प्रारम्भिक अनुरोधभन्दा बढी हो, तर चालू आर्थिक वर्षका लागि स्वीकृत ९.४ ट्रिलियन येनको वास्तविक बजेटभन्दा कम हो।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/०५/१७**

के.डि. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.को २०८१/०४/३२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बिभान इन्जीनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं.: २६१११८)** कायम गर्ने गरी मिति २०८१/०५/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## पेन्सन पेइङ्ग बुक हराएको सूचना

**मिति २०८१/०४/०२ गते उदयपुरको बेल्टार बजारबाट गाईघाट जाने क्रममा मेरो निम्न व्यहोरा भएको पेन्सन पेइङ्ग बुक हराएको हुँदाले पाउनुहुने महानुभावले तल दिएको नम्बर वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।**

Name : Harka Dhoj Gurung
Army No. : 5035692
Rank : RFN
Unit : 3/1 GR
T.S No. : 56028
Address : Basaha-3, Udayapur
Contact No: 9825765671


## SAUDI मा रोजगारको अवसर

Murtadha Salman Al-Leaf General Contracting Company

पूर्व स्वीकृती मिति: २०८१/०५/१३ चलानी नं. ६०२२४४३२ LT No.: 309792

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labouers | 4 | 0 | कामको दक्ष | 1000 | ३५,८४१/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ३,८०७/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०८१ भाद्र २४ गते (9 Sep., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001 | 4970002 | 4970003
Email: gulfstar1011@gmail.com URL: gulfstaroverseas.com

## कुवेतमा रोजगार

कम्पनी : AL KAISER CO. GOOD TRANSPORT शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८१/०५/१४ चलानी नं.: ६०२२४५१६ LT. No.:309888

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Vehicle Driver | 25 | 0 | स. काममा दक्ष | 160 | ७०,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २४ गते (9 September 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

H.M.T. Overseas Pvt. Ltd.
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565.

## साउदीमा रोजगार

कम्पनी : RIYADH NAJED NATIONAL SCHOOLS COMPANY SAUDI CLOSED JOINT STOCK COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०८०/०७/२० चलानी नं.: ६०२१०६२८ L.T. No.:294767 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Facility Cleaning Worker | 7 | 0 | स. काममा दक्ष | 1000 | ३५,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २४ गते (9 September 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

K L Employment Service (P) Ltd.
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं, फोन : ४४६४११३, ४४९३१८०, फ्याक्स: ४४६९३२१
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WE ONE शहर : UAE

पूर्व स्वीकृत मिति: २०८१/०१/१२ चलानी नं.: ६०२१८५८३ LT. No.: 303870 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 0 | स. काममा दक्ष | 950 | ३४,६२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WE ONE शहर : UAE

पूर्व स्वीकृत मिति: २०८१/०२/०९ चलानी नं.: ६०२१९८६४ LT. No.: 305156 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 85 | 0 | स. काममा दक्ष | 950 | ३४,६२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २४ गते (9 September 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला। ६. कामका लागि विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Leading Manpower Recruitment Services Pvt.Ltd.
LMP Govt.Lic.No. 1679/080/81
Mid baneshwor, Kathmandu, Nepal
Tel No.: 01-4500260, 01-4500262, 9802070439, 9802070428, 9802370897.
Email: leadingmanpower.recruitnepal@gmail.com

## यूएईमा रोजगार

कम्पनी: LULUT AL NAHDA PLASTER AND TILE CONT शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/११/१३ चलानी नं.: ६०२१५४६५ L.T. No.: 300521 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 10 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 10 | 0 | | 1200 | ४३,७४० | | | | | | | |
| 3. | Plaster | 5 | 0 | | 1200 | ४३,७४० | | | | | | | |
| 4. | Tile Layer | 10 | 0 | | 1200 | ४३,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २४ गते (9 September 2024) मा हुनेछ।

